लिंग तीर्थ परिचय

(अनुसन्धानात्मक, धार्मिक लेख)

प्रथम खण्ड

लेखक

अर्जुन कुमार खड्का

रामेछाप

प्रकाशकः– लालिगुराँस प्रि. प्रेसका लागि
श्यामहरि खड्का

प्रथम संस्करण २०५१ भाद्र
५०० प्रति

मूल्यः- १०

मुद्रकः– लालिगुराँस प्रिन्टिङ्ग प्रेस
रामशाह पथ, काठमाडौं
फोनः– ४–१४८८९

श्री कुशेश्वर बाबाको प्रेरणाले
ममतामयी पूजनिय माता
नन्द कुमारी खड्काको
स्मृतिमा समर्पण !

श्री डा. डिल्ली रमण रेग्मी
पुस्तकालयलाई समर्पित
अर्जुन कुमार खड्का
२०६१।१२।२३

मेरो दुई शब्द

विश्वमा नै वर्तमान अवस्थामा मानव हृदयमा आध्यात्मक भावनाले वास गर्न छाडी सकेको छ । बिश्व साहित्यमा नै आध्यात्मिक धारणा प्रतिकूल वासनालिप्त भौतिक धारणा अनुरूपका साहित्य मात्र प्रकाशन हुन थालेको जस्तो भान हुन्छ । हिमालयको काखमा रहेको नेपाल एक सम्वैधानिक राजतन्त्रात्मक बहुदलीय प्रजातान्त्रिक एक विश्व विख्यात हिमाली अधिराज्य हो यो विश्वको एक सनातन धर्मको आस्था केन्द्र हो । सन्सार भर नै आध्यात्मिक भावको ज्योति फैलाउन सक्ने हिमवत खण्डद्वारा निर्दिष्ट एकमात्र हिन्दू अधिराज्य नेपाल हो । यो देश बिभिन्न लिङ्ग तीर्थहरूले भरिपूर्ण एक पवित्र देवभूमि हो । यो हिमालयको काखमा रहेको नेपाल शिवलिङ्गले भरिपूर्ण भएका पवित्र पूण्यभूमि आत्ध्यात्मिक जगतको मुटु हो । त्यसैले चतुसष्टि लिङ्गहरुको परिचय प्रस्तुत गर्ने लक्ष्य लिएर अगाडि बढेको कलमले हाल पन्ध्र लिङ्ग तीर्थहरूको मात्र परिचय प्रस्तुत गर्न सफल भयो । भाषा प्रति अगाध स्नेह बोके तापनि दैवको विडम्बना परिष्कृत भाषा, शैली आदिको कमजोरीले यस पुस्तकलाई केही खल्लो बनाए तापनि यसले नयाँ पुस्तालाई अनुसन्धान गर्न सजिलो हुनेछ भन्ने विश्वास लिएको छु ।

साहित्यको क्षेत्रमा अनवरत सङ्घर्षरत मेरा पाण्डुलिपीलाई महत्वपूर्ण समय दिई धेरै सुझाव र सहयोग दिनु भएकोमा म उहाँलाई धन्यवाद नदिई रहन कदापि सक्दिन । त्यस्तै हाम्रा आत्ध्यात्तिनक जगतलाई प्रकाशमय तुल्याउन सदा समर्पित चन्द्रेश स्वामी (शिवपुरी बाबा) ले यस क्षेत्रको बारेमा धेरै नै ज्ञानगुनका कुराहरूले मेरो हृदयमा शान्तिको प्रकाश दिएर तथा ज्ञानमय चक्षुको बाटो सिकाई दिनु भएकोले उहाँको पनि म ऋणी नै छु । यस पुस्तक प्रकाशनार्थ लेखोटमा भएको शुद्धा शुद्धी तर्फ सहयोग गर्नु हुने स. प्रा. राम प्रसाद भट्टराइज्यूलाई धन्यवाद नटक्र्याई रहन सकिन । अन्त्यमा यो जगतमा आत्ध्यात्मिकताको ठूलो महत्व छ भन्ने उद्देश्यले यस क्षेत्रमा सङ्घर्षशील विद्वान दीर्घराज कोइरालाज्यूको प्रेरणा पनि समेटिएको अनुभव गर्दछु ।

अस्तु

–अर्जुन कुमार खड्का

२०५१ साल

भूमिका

यो सन्सारमा कहिलेदेखि आध्यात्मिक प्रवृत्ति सम्पन्न मानिसहरूले इश्वरलाई अनुसन्धान गर्दै आइरहेका छन् त्यसको सही हिसाब आजसम्म ज्ञात छैन। ईश्वरलाई खोजी गर्ने जति उपाय मानिसले आविष्कार गरेको छ त्यसमा तीर्थ भ्रमण अन्यतम हो। वस्तुतः तीर्थ कसलाई भनिन्छ ? जुन ठाउँमा धर्म प्रवण मानिसहरूले सबै वैषयिक चिन्ता र कपटता छोडेर ईश्वर चिन्तन गर्छन र पूजा, पाठ, प्राणयाम, योगादि धार्मिक क्रियाहरुको अभ्यासद्वारा आत्मशुद्धि गर्छन्, त्यसैलाई तीर्थ भनिन्छ। यस्तै सुक्ष्म र पवित्र चिन्तनहरूको कारणले त्यो ठाउँको चारैतिरको वातावरण आध्यात्मिक तरङ्गले भरिएको हुन्छ। धर्ममा अभिरुचि सम्पन्न व्यक्तिहरू त्यहाँ पुग्ने वित्तिकै त्यस तरङ्गलाई सजिलैसित उपलब्ध गरेको हुन्छ र त्यसले मनको स्वभाविक चञ्चललाई सजिलैसित शान्त तुल्याउँछ।

यो वाहेक पनि जुन ठाउँमा दीर्घकाल साधना गरेर कुनै पनि ऋषिले सिद्धि प्राप्त गरेको हुन्छ त्यसलाई पनि तीर्थ भनी मानेको हुन्छ। जसरी कि पुष्कर तीर्थ जहां श्री कृष्ण स्वयम अर्जुनको साथमा नर नारायण भई दीर्घकाल तपस्या गर्नु भएको थियो। स्वप्नमा आदिष्ट भएर पनि धेरै ठाउँहरु पुण्य तीर्थमा परिणत भएका छन्, जस्तो कि दक्षिण भारतमा अवस्थित तिरुपति वालाजीको बारेमा कथित छ कि सवभन्दा पहिले एक जना विष्णुभक्त ब्राह्मणले यो ठाउँमा भगवानको विशेष अधिष्ठान छ भनी स्वप्नमा ज्ञान पाउनु भएर सबै भन्दा पहिले वहाँले नै त्यस ठाउँमा भगवानको पूजा शुरु गर्नु भयो। तर आज तिरुपति वालाजीको त्यो मन्दिरको प्रभाव विश्वमा कसैलाई थाहा छैन होला र !

मन र इन्द्रियलाई संयममा राखेर तीर्थ भ्रमण गर्दा मानिसलाई आत्मशुद्धि हुन्छ र उसलाई आत्मज्ञानको योग्यता प्राप्त हुन्छ। तर जुन मानिसले तीर्थ स्थलमा गएर पनि आराम, आयाश र मनोरञ्जनमा लागि रहन्छन् तिनीहरुलाई कतिको आत्मशुद्धि हुन्छ त्यो भन्न मुश्किल छ। तीर्थ मा गएर वस्तुतः धार्मिक व्यक्तिलाई ईश्वर वाहेक अन्य कुनै प्रसंगमा रुचि राख्न उचित

हुदैन । जप, ध्यान, देवता र सन्तहरूको दर्शन धर्म विषयमा छलफल, स्नान, दान, पाठ आदि कर्मलाई त्यहाँ राम्ररी अभ्यास गर्नु पर्छ । आफ्नो साध्य अनुसार निरन्तर योगासनमा वसी ईश्वर, ऋषि र सिद्ध महापुरुषहरुको ध्यानमा चित्त लगाउन सक्यो भने त्यो तीर्थ भन्दा ठूलो धर्म अरु के हुन सक्ला !

वस्तुत: तीर्थस्थलहरुले नै प्राचीनकालदेखि नै हाम्रो धर्म र दर्शनको सबभन्दा ठूलो प्रचार केन्द्र थियो । सन्सारमा सबै किसिमका तीर्थस्थलहरुको व्यापक विस्तार तीर्थस्थलहरुबाट नै भएको छ । यस कारण तीर्थस्थलहरुको संरक्षण सबै धर्महरूको प्रधान कर्तव्य हो । जुन देश या जातिमा तीर्थस्थलहरुको हेला भइरहन्छ त्यसमा धर्मको अवनति अनिवार्य नै छ । जहाँ मन्दिरको चारैतिरको हावा विष्ठाको दुर्गन्धले विसाक्त भइरहन्छ, पूजा गर्ने उद्देश्यले आएका भक्तजनलाई मलमूत्रको वेगबाट उद्धार पाउने उपाय छैन, त्यहाँ आत्माको उद्धार कसरी होला ? जहाँ जुवा, मद र तासको जमघट चली रहन्छ, जहाँ पूजारी पुरोहितहरु केवल अर्थको गुलाम भएर काम गर्छन् त्यस्ता मन्दिरमा देवता कसरी जागृत हुन सक्ला !

नेपाललाई प्राचिनकालदेखि नै हिन्दूहरुले पवित्र तीर्थ भूमि भनी मान्दै आइरहेका छन् । हिमालयको काखमा अवस्थित भएको हुनाले यसलाई उत्तराखण्डमा नै गनिएको छ । यहाँको सबभन्दा महत्वपूर्ण तीर्थ हो पशुपतिनाथको मन्दिर, त्यसपछि बुढानीलकण्ठको मन्दिर अनि वराह क्षेत्र, देवघाट, मुक्ति क्षेत्र र गोसाँइकुण्ड । त्यस्तै सानो तिनो अनागिन्ती तीर्थहरु छन् जसमा कि हरेक वर्ष कुनै न कुनै समयमा मेला लागिरहन्छ । हजारौं नर नारीहरुको उपस्थिति त्यो मेलामा हुन्छ । जस्तो कि पहिलो माघमा भएको देवघाटको मेला, त्यसमा नर नारीहरुले गण्डकी र नारायणीको संगममा नुहाएर आफ्नो आत्मलाई पवित्र तुल्याउँछन् ।

दु:खको विषयत यो हो कि, आधुनिककालमा नेपालका यी तीर्थस्थलहरुको यति हेलाँ भई रहेछ कि जसलाई याद गरेपछि छाती फुट्ला फुट्ला जस्तो हुन्छ । यस प्रसङ्गमा सबभन्दा पहिले उल्लेख योग्य पशुपतिनाथको मन्दिरमा जोडिएको बागमती नदीको दुरावस्था । पवित्रम् जल वहन गर्नुको सट्टा यो नदी वर्तमान समयमा केवल एक फोहर बग्ने ढलमा परिणत भएको छ । यसको पानीं स्पर्शको पनि योग्य छैन; स्नान, पूजा र आचमन त परै रहोस् । त्यसपछि हामी बुढानीलकण्ठको मन्दिरतिर ध्यान दिऊ यो

मन्दिरमा अवस्थित सायित विष्णु मुर्तिलाई छायाँ प्रदान गरेर सयकडौं वर्ष-देखि उभिएको पिपलको वोटलाई विचारै नगरीकन ढाली दिइएको छ। जरा-जीर्ण अवस्थामा पुगेको यो भवनलाई परवाट हेर्दा कुनै प्राचीन जमिन्दारको घोडाको तवेला जस्तो भान हुन्छ। मन्दिर भन्न त विल्कुलै लाग्दैन। यो वाहेक गँजडी, जुवाडी र फोहोरी राजनीतिमा फसेका मानिसहरुको एउटा जमघट पनि हो। अनि यसको चारैतिर यति फोहर र दुर्गन्ध छ कि, मान्छेको भक्तिभावलाई यसले विघ्न तुल्याउँछ।

यो कुरा हामील विर्सेर जान्छौं कि तीर्थस्थल र मन्दिरहरु समाजको धार्मिक उन्नतिमा मात्रै सहयोगी नभई निकै हदसम्म अर्थ नीतिको भूमिका पनि खेलेको हुन्छ। नेपालका यी तीर्थ र मन्दिरहरुलाई यदि सफाई र सही निर्माणद्वारा दर्शनीय वनाउन सकिन्थ्यो भने अवश्य नै भारतको वद्री केदार, सेतुवन्ध, मामेश्वर र तिरुपति वालाजी जस्तै यहाँ दर्शनार्थीहरुको भीड हुने थियो र सजिलैसित अर्थको आम्दानी हुन सक्ने थियो। दुःखको विषयत यो हो कि यस्तो गठनात्मक चिन्तन नेपालको धारक र वाहकहरुमा अलिकति पनि भेटिंदैन।

जे होस, यो ग्रन्थमा लेखकले नेपाको विविध तीर्थहरुको महात्म वर्णन गरी धर्मप्रेमी जनतालाई सही सेवा पुर्‍याउनु भएको छ। अन्तमा देवी पार्वतीलाई शिवजीले तीर्थको वारेमा जुन एउटा प्रसिद्ध श्लोक भन्नु भएको थियो त्यसैलाई नैं यहाँ उदृत गरी वक्तव्य समाप्त गर्छु। त्यो श्लोक हो।

इदम्तीर्थ मिदमतीर्थ भ्रमन्तितम साजना।
आत्मतीर्थम् नजानन्ति कथम मोक्ष वरानने।।

अर्थात यो तीर्थ त्यो तीर्थमा खालि अज्ञानको अन्धकारमा छोपिएका मानिसहरु नै भ्रमण गरेका हुन्छन्। जसले आत्मरुपी तीर्थलाई जानेको छैन त्यसकाई, हे वरानने पार्वती, कसरी मोक्ष हुन सक्ला! अतएवं तीर्थ भ्रमणको मूल उद्देश्य नै आत्मतीर्थलाई चिन्नु, र यो आत्मतीर्थ नै हो सत्य, ज्ञान र आनन्द स्वरुप व्रह्म। ध्यान र योगद्वारा यो व्रह्मलाई जानेपछि मात्रै यथार्थ तीर्थ भ्रमणको फल प्राप्त हुन्छ।

–स्वामी चन्द्रेश
(शिवपुरी स्वामी)

शुभ-कामना

पहाडी भेगमा पेशामा संलग्न रहेर पनि नेपालका लुकेर रहेका लिङ्ग तीर्थहरूको अनुसन्धानात्मक खोजी गरी १५ लिङ्ग तीर्थको प्रकाशन गर्नु हुने अध्यापक श्री अर्जुन कुमार खड्का प्रशंसाका भागी हुनु हुन्छ नेपालको पुरातात्त्विक अन्वेशषणमा र नेपालका बौद्धिक सनातन धर्मावलम्बीहरुको लागि यो पुस्तकले टेवा पुऱ्याउने विश्वास लिएको छु । यस प्रकारको अन्वेषणात्मक प्रकाशन अरू हुनु पर्ने कुरा महशुस गर्दै लेखकलाई अझ प्रेरणा मिलोस भन्ने कामना पनि व्यक्त गर्दछु ।

राम प्रसाद भट्टराई
सह प्राध्यापक
रत्न राज्यलक्ष्मी क्याम्पस
भृकुटी मण्डप काठमाडौं नेपाल
२०५१ भाद्र १५ गते

सनातन सन्देश

शाश्वत् धर्म सनातन अमर हास् यो विश्व भूभागमा ।
वैदिक धर्म सनातनै अति महान् छ विश्व भरैमा । ।
विश्व शान्ति हुनेछ पालना गरे धर्मँ सनातन् यहाँ ।
प्राणी सब चराचर जगतको कल्पना हुन्छ त्यहाँ । ।
। । १ । ।

हाम्रो सनातन तबसम्म अड्छ ।
हिन्दूत्वकै सार जबसम्म टिक्छ । ।
धर्मँ सनातन तब नाश हुन्छ ।
हिन्दूत्वकै सार जब ह्रास हुन्छ । ।
। । २ । ।

धर्मँ सनातन् जब नाश हुन्छ ।
अधर्मपन्को त विकास हुन्छ । ।
भार हुन्छ ठूलो वसुधा भरैमा ।
नाश हुन्छ सृष्टि पलनै भरैमा । ।
। । ३ । ।

विषय सूची

१. आदिलिङ्ग श्री कुशेश्वर तीर्थ

(दुम्जा)

नेपाल अधिराज्य विश्वकै एक महान् तीर्थस्थल हो। पवित्र देवभूमि नेपाल विभिन्न तीर्थस्थलहरुले भरिपूर्ण एक पुण्य भूमि हो। नेपाल अधिराज्यमा अवस्थित ६४ लिङ्गहरू मध्ये सबै भन्दा पहिले दर्शन गर्नु पर्ने आदिलिङ्ग श्री कुशेश्वर आदिलिङ्ग हो। कुशेश्वर आदिलिङ्ग काठमाडौंको हनुमान ढोकाबाट १८ कोश पूर्व सिन्धुली जिल्लाको लीलावती (रोशीखोला) र सुवर्ण कौशिकी (सुनकोशी) को तट दुम्जावेसीमा अवस्थित छ। कुशेश्वर आदिलिङ्ग विश्वकै ब्रम्हाण्डकै एक महान् तीर्थस्थल हो। हिमवतखण्ड पुराणको आधारमा ब्रम्हाजीले सृष्टिको लागि तपस्या गर्दा उत्पति भएको लिङ्ग भएकोले यस लिङ्गलाई आदिलिङ्ग भनिएको हो। त्यसैले यसलाई बिश्वकै महान् धार्मिक र सांस्कृतिक केन्द्रको रुपमा विकास गर्न अति आवश्यक देखिन्छ।

हिमवत खण्ड ८९ अध्याय (६०)

शैलान स्रष्टु रह्यो ब्रम्हना दध्यौ पुरात्र शंकरं।
तत समुमुभवं लिङ्गममादिलिङ्ग मुदाह्ततम।।

हिमवत खण्ड ७० अध्याय (१४)

आदिलिङ्गः स्थितोयत्र कौशिकाश्च ततोतमे।
कुशेश्वर इतिख्यावस्तन नेपालो विराजते।।

उपर्युक्त तथ्यको आधारमा पूण्यभूमि नेपालमा तीर्थस्थलहरुमा कुशेश्वर तीर्थ एक विश्व विख्यात तीर्थस्थल हो भन्ने कुरो विश्वकै आदिलिङ्ग स्वरुप रहेको कुशेश्वर र यसको समीपमा बगेको नदीको नाम कौशिकी रहन गएको हो भन्ने तथ्य सावित गर्न सकिन्छ। परापूर्व कालमा कुशिक ऋषिले तपस्या गरेको क्षेत्र भएकोले कुशेश्वर क्षेत्र विश्वकै महान तपोभूमि हो भन्ने तथ्य प्रमाणित हुन्छ।

शुम्भ निशुम्भ नाम गरेको दैत्यले पनि दुम्जा कुशेश्वरमा धेरै–काल तपस्या गरेर शिवजीको बरदानबाट त्रिलोक विजय गरेको तथ्य पनि हिम–

वत खण्ड पुराणको आधारमा सावित भैसकेको छ।

शुम्भ निशुम्भ दैत्यद्वारा पराजित भएका देवताहरू ब्रम्हाजी समेत कुशेश्वर आदिलिङ्गको समीपमा कौशिकी किनारमा जम्मा भएर देवीको आराधना गर्दा स्वयम् अष्टादशभूजा स्वरुप त्रिलोक विजयी जलदेवी प्रकट भइन् र देवताहरुलाई उनीहरुको दुःख हरण गर्ने आश्वासन दिइएको र स्वयं दुर्गा भगवती प्रकट भएर शुम्भ निशुम्भ राक्षसहरुलाई समेत संहार गरेर देवताहरूको उद्दार गरेको तथ्य पनि हिमवत खण्ड पुराणकै आधारमा सावित गर्न सकिन्छ। यसै कुशेश्वर क्षेत्र पवित्र दुर्गातीर्थको रूपमा पनि प्रख्यात छ। देव तीर्थहरु मध्ये सबभन्दा पहिलो महत्वपूर्ण तीर्थ यसै दुर्गातीर्थलाई मानिएको छ।

हिमवत खण्ड ८९ (५२) अध्याय

देव्याः स्वेदोद्ववावाँ च लीलावत्याश्च संगमे।
स्नानतः सर्वपंवाग्छांद दुर्गातीर्थ मुदाहृतम।।

हिमवत खण्ड ४३ अध्माय (५)

स्नात्वा कामचलं रूहृय देवी संप्रेक्ष यत्नतः।
सर्वपापौ विनिमुंक्ताऽस्तेः यान्ति परमां गतिम्।।५।।

उपर्युक्त तथ्य अनुसार सुवर्ण कौशिकी र लीलावतीको संगममा दुर्गा तीर्थ छ। जस्मा स्नान गर्नालि सम्पूर्ण इच्छा पूरा हुन्छ भन्ने र त्यस तीर्थमा स्नान गरेर खाँडादेवीको दर्शन गर्नाले मनुष्यको सम्पूर्ण इच्छा पूरा हुने र सम्पूर्ण पापबाट मुक्त भै परम गति प्राप्त हुने कुरो हिमवत खण्डको विभिन्न श्लोकमा व्याख्या गरिएको छ।

सबै आदिलिङ्गको सानिध्य सुवर्ण कौशिकी दक्षिण तटमा विश्वामित्र गुफाको सामुन्ने पितृ श्राद्ध, पिण्ड पानी तर्पण आदि तीर्थ श्राद्धको रूपमा गरिदा पितृहरु मुक्त हुने कुरो पनि हिमवत खण्डमा वर्णन गरिएको छ।

हिमवत खण्ड ४३ (१६)

कौशीकीयाँ कुरुवे श्राद्ध पितृभ्योभक्ति ह्युङ नरः।
पितृ नुद धृष्य सप्त त्रीन पितृलोके महियोत।।१६।।

उपर्युक्त तथ्यको आधारमा कौशिकीमा तीर्थ श्राद्द गर्ने मानिसले २१ पुस्तासम्मका पितृहरुको उद्दार गरी अन्त्यमा आफू पनि पितृलोकमा जान्छन् भन्ने कुरो बुझिन्छ। कुशेश्वर आदिलिङ्गको संनिध्यमा मार्कण्डेय ऋषिले तीर्थ

श्राद्ध गर्दा उनका पितृहरु उनका पिण्ड तर्पणले सन्तुष्ट भएर उनलाई चिरन्जीवी हुने वरदान दिएका थिए भन्ने तथ्य हिमवत खण्ड पुराणमा व्याख्या गरिएको छ ।

तपोभूमि दुम्जा कुशेश्वरमा धेरै कालसम्म तपस्या गरेर वसेको त्यो तपोवलले नै मुनिजीले नेपाल बसालेर पालना गरिएको हो भन्ने तथ्य नेपालको इतिहासबाट विचार गर्न सकिन्छ ।

अधम भ्रष्ट ब्राम्हण यसै कुशेश्वर तीर्थमा मुक्त भएको र कुष्ट रोग पीडित विरुपाक्ष पनि यसै तीर्थस्थलमा स्नान गरेर आदिलिङ्ग श्री कुशेश्वरको दर्शन गरेपछि कुष्ट रोगबाट मुक्त भएको प्रमाण हिमवत खण्ड उप पुराणबाट प्राप्त गर्न सकिन्छ ।

यो तीर्थस्थल पवित्र स्नान केन्द्र पवित्र श्राद्ध तीर्थधाम, पवित्र तपोभूमि हो भन्ने तथ्य स्पष्ट हुन्छ । यसै कारणले यो तीर्थस्थसलाई विश्व विख्यात धार्मिक र साँस्कृतिक केन्द्रको रुपमा विकास गराउन विश्व मानव हृदयमा प्रेरणा जगाउन भगवान श्री कुशेश्वर वावाले सद्‌बुद्धि प्रदान गरून ।

। अस्तु ।

२. (क) रामेछाप र सिन्धुलीको केन्द्र विन्दु

'भिमेश्वर लिङ्ग'

विश्वकै आध्यात्मिक आस्थाको केन्द्र एक मात्र हिन्दू राष्ट्र नेपाल हो। विश्वमै सनातन धर्म तवसम्म अड्छ जवसम्म नेपाल हिन्दू राष्ट्रकै रुपमा कायम रहन्छ। यो देश विश्वकै पवित्र तीर्थस्थलहरुले भरिपूर्ण रहेको छ। हिमवत-खण्ड उप पुराणको आधारमा यो देश विभिन्न लिङ्ग तीर्थहरूले भरिपूर्ण छ। कुशेश्वर आदिलिङ्ग पश्चात दर्शन गर्नु पर्ने प्रमुख लिङ्ग भीमेश्वर लिङ्ग हो। भन्ने तथ्य हिमवत खण्ड उपपुराणबाट स्पष्ट हुन्छ।

भीमेश्वर लिङ्ग रामेछाप र सिन्धुली जिल्लाको केन्द्र विन्दुको रूपमा रहेको, सुवर्ण कौशिकी (सुनकोशी), ताम्र कौशिकी (तामाकोशी) र तीला नदीको पवित्र संगममा अवस्थित छ भन्ने कुरो विभिन्न तथ्यबाट प्रमाणित हुन्छ। हाल सुनकोशी र तामाकोशीको पवित्र सङ्गमलाई वेणीघाट भनिन्छ। तीलानदी त्यस पवित्र सङ्गममा पहिला थियो र हाल नरहेको तथ्य त्यस क्षेत्रका धार्मिक महानुभावहरुबाट बुझ्न सकिन्छ। २०११ सालको बाढी पीडित भन्दा अघि त्यस पवित्र सङ्गमको केन्द्र विन्दुमा कुनै कुनै दिन बाढीको जल सफा भएको बखतमा सेतो मूर्ति लडिराखेको देखिन्थ्यो भन्ने भनाई त्यसै क्षत्रको संनिध्यमा बसोवास गरेका ब्राम्हण छविलाल तिमल्सिना भन्छन्। त्यसपछि आफूले त्यस्तो मूर्ति त्यस सङ्गममा नदेखेको कुरा उहाँको भनाई छ। त्यस सङ्गमको आसपासमा रहेको एक वृद्ध महिलाको भनाई छ कि आफू बालखै भएको अवस्थामा त्यस स्थानमा तीर्थ गर्न गएका जनकपुर निवासी दिदी भाई त्यो लिङ्ग देखेर मरे भन्ने भनाई छ।

हिमबत खण्ड ७० अध्याय,

भीमेश्वर हि तत्रास्ते भिमसेनैः सदर्चित।
कौशिक्यां सङ्गमे तीरे तीर्था ह्ययेड निंस।। १५।।
भीम तीर्था च यत्रास्ते कौशिका संङ्गमे शुभे।
भीमसेनश्च तत्रास्ते तन्नेपालो हि भासते।। १६।।

हिमवत खण्ड ९० अध्याय

वन्येन पारणां कृत्वा विरूपापोड गमरुणः ।

सिद्‌र्षिणा समं यत्र भीमेश्वरो विराजते ।।२।।

तस्माद्दि दिशि कौवेर्य्यां त्रियोजने घटोद्‌भव ।

ताम्रचुडा चलस्याधः नद्यौ सुसंगमं वभौ ।।२।।

उपर्युक्त तथ्यको आधारमा देवतीर्थ नाउँ भएको कौशिको सङ्गममा भीनसेनले सर्वदा पूजा गरिएका भीमेश्वर छन् भन्ने कुरा स्पष्ट हुन्छ। जहाँ कौशिकी शुभ सङ्गममा भीमतीर्थ छन त्यहाँ भीमसेन छन् भन्ने तथ्य प्रमाणित हुन्छ । विरुपाक्षले वृशेश्वर आदिलिङ्गको सामिध्यमा स्नान गरेर कुष्ठ रोगलाई छाडेर वनमा फल खाँदै सिद्धर्षिहरूका समीपमा भीमेश्वर भएको स्थानमा गए भन्ने तथ्य हिमवत खण्ड ९० अध्यायवाट वुझ्न सकिन्छ । भीमेश्वर लिङ्ग ताम्रचुड पर्वतका तलतिर कौशिकी सङ्गममा शोभायमान छन् भन्ने कुरो पनि यसै अध्यायवाट स्पष्ट हुन्छ । त्रिवेणी पवन सङ्गम देवतीर्थ साथै भीमतीर्थको रूपमा प्रख्यात भएको तथ्य पौराणिक आधारमा सावित भैसकेको छ । यस्ता महत्वपूर्ण तथ्यहरुको अनुसन्धान नभएकोले वर्तमान समयमा यस्तो महत्वपूर्ण आधार लोप भैसकेको वुझिन्छ । विश्वकै हिन्दू धर्मको संरक्षण र सम्वर्धनका लागि यस्ता महत्वपूर्ण धार्मिक तीर्थस्थलहरुले अनुसन्धान गर्नु नितान्त आवश्यक देखिन्छ ।

हाल पवित्र त्रिवेणी तीर्थमा नर्मदेश्वर शिव लिङ्गको पूजा आजा हुने गर्दछ । यस क्षेत्रका धार्मिक महानुभावका अनुसार भारत वर्षको नर्मदावाट मुश्लिमको आक्रमणपछि प्रसाई व्राम्हणहरूले आफ्नो धर्म जोगाउन आफूले पूजा गर्ने गरेका शिवलिङ्ग ल्याएर वेणीघाटमा स्थापित गरे र आफू प्राचीन प्रयागेश्वर र हालको पकरवास भन्ने ठाउँमा वसोवास गरेको भन्ने भनाई स्पष्ट हुन्छ । त्यस-तीर्थको लागि प्रसाइहरुले नै गुठी राखेको र यहाँसम्म त्यहाँको पूजाआजा त्यही गुठीबाट नै चलाइएको छ भन्ने कुरा पनि त्यहाँकै स्थानीय वासिन्दाहरु वताउँछन् ।यो तीर्थस्थललाई नर्मदेश्वर भनिनुको कारण उपर्युक्त तथ्यको आधारमा मनासिव नै देखिन्छ । नर्मदेश्वर सिद्ध गुफा र त्रिवेणी केन्द्र विन्दुमा पर्दछ ।

नर्मदेश्वर मन्दिरमा कहिले कहिले मध्यरातमा नगरा बजेको भान हुन्छ भन्ने स्थानीय पूजारीको भनाई छ । भगवान भीमेश्वरले कौशिकी सङ्गम र सिद्ध गुफामा आवत जावत गरेको वखतमा यस्तो क्रिया भएको होला भन्न सकिन्छ। सिद्धर्षिहरूले तपस्या गर्दा भीमेश्वर भगवान् शिवजीले दर्शन दिनु भयो

भन्ने कुरो प्रमाणिक तथ्यबाट नै बुझ्न सकिन्छ । यो पंक्तिकार प्रत्यक्ष पैदल यात्राको अवस्थामा त्यस लिङ्गको नजिक रहेको सिद्ध गुफामा जाँदा त्यहाँ आगोको ज्वालाजस्तो राप आएको थियो शिद्धवावाको गुफामा विभिन्न प्रकारका शिलाका मूर्तिहरु पनि स्पष्ट देखिएका थिए । जुन शिलाहरू देख्दा भगवानको विराट स्वरूपको भान हुन्छ ।

त्रिवेणी सङ्गम आपसमा विभिन्न देवीहरुका स्थान छन् जसमा महाकाली, दक्षिणकाली, जरवनी नामले प्रसिद्ध छन् । यसैको आसपासमा भीम-सेन, गणेश स्थानहरू छन् ।

विभिन्न पौराणिक तथ्य र वर्तमान भौगर्भिक वनावटको आधा-रमा रूद्र स्वरुप भगवान भीमेश्वरको उत्पतिस्थान यही त्रिवेणी स्थानमा नै हुनु पर्दछ । विश्वका समस्त सनातन सनातन प्रेमी भक्तजनहरूको हृदयमा यो तीर्थ-स्थलहरुको विकास गराउन भगवान भीमेश्वर वावाले सद्बुद्धि प्रदान गरुन् । शक्तिस्वरूपमा भगवती, महाकाली, दक्षिणकाली र जखनीकालीले शक्ति प्रदान गरुन् ।

। अस्तु ।

२ (ख) शिवशक्ति स्वरुप भीमेश्वर तीर्थ

(दोलखा)

विश्वकै एक मात्र हिन्दू राष्ट्र नेपाल शिवशक्ति स्वरुपा इश्वर र इश्वरीको वासस्थान केन्द्र हो। पवित्र उत्तरापन्थको रुपमा मानिएको नेपाल देशमा विभिन्न महापुरूषहरुको तपस्याको प्रभावले विभिन्न लिङ्ग स्वरुप भगवान शिवजी प्रतक्ष्य भएर वरदान दिइएको तथ्य विभिन्न पौराणिक उपख्यानबाट सावित हुन्छ। यो देशमा प्रचुर मात्रामा लिङ्ग तीर्थहरू भएको तथ्य हिमवत खण्ड उप पुराण, स्वस्थानी व्रतकथा आदि पौराणिक शास्त्रबाट बुझ्न सकिन्छ।

विभिन्न लिङ्ग तीर्थहरू मध्ये दोलखास्थित भीमेश्वर लिङ्ग तीर्थ एक अनौठो किसिमको लिङ्ग तीर्थको रुपमा रहेको तथ्य त्यहाँ परम्परादेखि चलि आइरहेको पूजा आजा पद्धतिबाट बुझ्न सकिन्छ। यो दोलखा स्थित भीमेश्वर मन्दिरमा एकै स्थलमा रुद्रिपाठ र वलि दिइने कार्य दुवै आलो पालो गरी गरिने प्रचलन पाइयो।

दोलखा भीमेश्वर लिङ्ग तीर्थको आजसम्म कुनै इतिहासको फेला पार्न सकिएको छैन। यस भीमेश्वर लिङ्गको साथ साथै शक्ति स्वरुप भगवती पनि एउटै लिङ्ग स्वरुप उत्पन्न भएकी हुन् भन्ने तथ्य स्थानीय बुढा पाकाहरुको भनाइछ। यहाँ एकै स्थलमा पालो पालो गरेर रुद्रीपाठ गर्ने र वलि दिने प्रथा छ। त्यहाँका बासिन्दाहरुको धारणा अनुसार शिवजीको आराधना रूद्रिपाठ द्वार गरिने र शक्ति स्वरुपा भगवतीको आराधना वलिद्वारा भएको हो रे भन्ने किम्बदन्ति भएको तथ्य बुझिन्छ।

स्थानीय दुई वृद्ध पुरूषहरुले आफ्नो भनाइमा दोलखा भीमेश्वर लिङ्ग उत्पति भएको निम्न अनुसार वर्णन गर्नु भएको छ।

उहाँहरुको भनाई अनुसार हाल भीमेश्वरको मन्दिर भएको ठाउँमा परापूर्व कालमा घनघोर जङ्गल थियो रे उक्त ठाउँमा भारी बोक्ने भोटेहरुले चुल्हुङ्गो लगाएर भात पकाउँदा भीमेश्वर लिङ्ग भएको तर्फ भात काँचै

रहंदो रहे छ रे, रीशले ती भात पकाउने भोटेले फलामे पन्यौले त्यहाँ हिर्काउँदा त्यो लिङ्ग स्वरूप ढुङ्गामा लागेर चांइटे र रगत र दूध दुवै थरी निस्कयोरे भन्ने किम्वदन्ति छ। यही समय देखि शिवजीलाई रुद्रि गर्ने र भगवतीलाई वलि दिने प्रचलन दुवै चलाइएको रे भन्ने धारणा छ।

उहाँहरूको आफ्नो अनुभवको आधारमा उक्त लिङ्ग स्वरुप भीमेश्वरको रूप तीन प्रकारको हुन्छ रे भन्ने भनाइछ।

१) कालो निलो रुप हुनु

२) फुश्रो रुप हुनु

३) टल टल्कने रूप हुनु

अनिकाल हुने अवस्था भयो भने त्यहाँ कुण्डमा जल घट्छ रे, रोग व्याध र राजकाजमा अशान्ति हुने अवस्थामा लिङ्गमा पसीना आउँछ रे भन्ने भनाइछ। त्यहाँका स्थानीय वृद्ध वासिन्दाहरूको भनाई अनुसार २०४६ सालमा ३ दिनसम्म, २०१७ सालमा १५-१६ दिनसम्म र २००७ सालमा ३ महिनासम्म लिङ्गबाट लगातार पसिना आयो रे भन्ने भनाइछ।

परापूर्वकाल द्वापर युगमा पाण्डवहरू १२ वर्ष वनवास जाँदा यही ठाउँमा वसेका थिएरे भन्ने पौराणिक अवधारणा छ। यहाँ भीमसेनले वनवास जाँदा तपस्या गरेको क्षेत्र भएकोले यहाँको लिङ्ग तीर्थलाई भीमेश्वर भनिएको हो भन्ने किम्वदन्ति छ।

स्थानीय चरीकोटका एक जना फोटो ग्राफरको भनाई अनुसार राम नवमीमा रुद्रि गरि सकेर छाता लिएपछि मात्र वलि पूजा गरिन्थ्यो रे भन्ने भनाइछ। नवमीको दिन वलि पूजा गरेपछि दशमीको दिन वर्षा हुन्थ्यो रे भन्ने पौराणिक अवधारणा छ। यसरी रगत पखालन पानी पर्ने प्रचलन भएकोले भीमेश्वर मन्दिरमा छाना नराख्ने प्रचलन भएको रे भन्ने स्थानीय वासिन्दाको धारणा छ।

हिमवत खण्ड ७० अध्याय

भीमेश्वर हि य त्रास्ते भीमसेनै स दाञ्चित।
कौशिक्या सङ्गमे तीरे तीर्थां ह्ययेऽऽ निसं।। १५।।

भीम तीर्था चय तत्रास्ते कौशिका सङ्गमे शुभे ।
भीमसेनश्च तत्रास्ते तन्नेपालो हि भासते ।। १६ ।।

भीमेश्वर शिवलिङ्ग जहाँ छन् त्यहाँ भीमसेन पनि रहन्छन् भन्ने धारणा स्पष्ट हुन्छ । कौशिकीको संगममा देवतीर्थ छ रे भन्ने धारणा स्पष्ट हुन्छ। हिमवत खण्डको आधारमा भीमेश्वर शिवलिङ्ग तामाकोशी र सुनकोशीको किनार नजिकै हुनुपर्ने हो तर हाल भीमेश्वर शिवलिङ्ग उक्त स्थानमा नभएको तथ्य स्पष्ट हुन्छ । हाल भीमेश्वर शिवलिङ्ग दोलखा जिल्लाको दोलखा बजारमा अवस्थित छ ।

भीमेश्वर तीर्थलाई पर्यटक केन्द्रको रुपमा विकास गराइनु अत्यन्त आवश्यक देखिन्छ । भीमेश्वर बाबाले समस्त मानव हृदयमा तीर्थस्थल विकासको कार्यमा सहयोग पुऱ्याईदिउन । मेरो अवधारणा अनुरूप चतुशष्टि लिङ्ग तीर्थ मध्येको भीमेश्वर लिङ्ग तीर्थको केन्द विन्दु सम्बन्धमा निश्चित किटान गर्न सक्ने आपनो सामर्थ्य नभएको कारणबाट यस्को अनुसन्धानका लागि समस्त राष्ट्रिय र अन्तर्राष्ट्रिय धार्मिक विद्वान वर्गमा अनुरोध पिन गर्दछु ।

। अस्तु ।

३. काफिश्वर लिङ्ग

एक अध्ययन

नेपाल हिमवत खण्ड निर्दिष्ट हिन्दू धर्म र संस्कृतिको अतिपावन आध्यात्मिक केन्द्र हो । हिमालको दक्षिण काखमा असंख्य ऋषिहरूको तपोभूमि भएको धारणा पौराणिक तथ्यहरूबाट स्पष्ट हुन्छ। तपस्वी ऋषिहरु मध्ये काफिका छोरा काफिको नाम हिमवत खण्ड उपपुराणमा उल्लेखनीय छ । मुनिहरूमा श्रेष्ठ योगी काफिको तपस्याको प्रभावले सुनकोशी र भोटेकोशी केन्द्र सुनकोशी पहाडको फेदीमा उत्पन्न भएको लिङ्ग काफिश्वर शिवलिङ्गको नामले विश्व विख्यात छ ।

काफिश्वर तीर्थ निकट वान्हविसे सानी पाताली बसोवास भएका पं. दुर्गादत्त पौड्यालको भनाई अनुसार भारत वर्षमा जन्मेका काफिका छोरा काफि ऋषि उतरापन्थको तीर्थ यात्राको अवसरमा स्वर्ण कौशिकी र शैलावतीको सङ्गममा नुहाउँ भन्ने सपना भयो रे भन्ने भनाइ छ । उक्त स्वर्णमुखी प्रयागमा नित्य स्नान गर्नाले क्षयरोग (टि. वी.) जस्ता रोगहरू पनि शान्त हुन्छ रे भन्ने स्थानीय बासिन्दाहरूको भनाइ छ ।

हिमवत खण्ड ७० अध्याय

काफीश्वरो महालिङ्गो गणैः सार्द्ध विराजते ।
संततं चैव यत्रांस्ते तन्नेपालो विराजे ।। १७ ।।

[उपर्युक्त तथ्यको आधारमा स्वर्ण कौशिकी र शैलावतीको पवित्र तटमा काफिश्वर महालिङ्ग शोभायमान भएको तथ्य स्पष्ट हुन्छ ।]

हिमवत खण्ड ६१ अध्याय

स्वर्णान्किम्ना तयादी श्रेष्ठा शैलाबती नपरा ।
तयोश्च संगमे वत्स स्वर्णतीर्थ मुदाहृतम ।। १३ ।।
सहस्राब्दन्तारे रूद्रो वरदानाय योगिने ।
समुद्‌भूतम महालिङ्गम ककुदाग्रे तदग्रतः ।। १८ ।।

उपर्युक्त तथ्यको आधारमा सुवर्ण कौशिकी र शैलावतीको संगममा स्वर्णतीर्थ छ भन्ने कुरो स्पष्ट हुन्छ । उक्त तीर्थमा स्नान गर्दा निर्मल तेजले युक्त सूवर्ण समान शरीर हुन्छ र सम्पूर्ण किसिमको रोगहरु निको हुन सक्छ भन्ने पौराणिक धारणा छ । यसै तीर्थमा स्नान गर्दा काफिका छोरा काफि ऋषि सुवर्ण समान तेजले युक्त भएर धनुकाँड कक्कुछ पर्वतमा चढेर समाधियुक्त भएर तपस्या गर्दा फाल्गुण पूर्णिमाको मध्य रात्रीमा लिङ्ग स्वरूप भगवान प्रकट भएर काफि ऋषिलाई संसारवाट मुक्त हुने वरदान दिएको तथ्य हिमवत खण्ड पुराणवाट स्पष्ट हुन्छ ।

गजमस्तकी पहाड (जसलाई आजकल सुनकोशी पर्वत भनिन्छ) को फेदीमा काफि ऋषिलाई वरदान दिने काफिश्वर नामले प्रसिद्ध काफिश्वर शिवलिङ्ग स्वर्णतीर्थको निकटमा विराजमान छ ।

काफिश्वर शिवलिङ्गदेखि पूर्व प्राचीन गजमस्तकी पर्वत हाल सुनकोशी पर्वत पश्चिम भोटेकोशी उत्तर वान्हविसे र दक्षिण सुनकोशी नदी पर्दछ ।

काफिश्वर महादेव अत्यन्त शक्तिशाली भएको तथ्य स्थानीय पूजारीको भनाइ छ । यस स्थानको नजीकै शारदा माध्यमिक विद्यालय छ । यसको पूर्वमा अति मनोहर साल र कटुसको जङ्गल छ । स्कूल र मन्दिरको वीचमा आँप र कटहरको बगैंचा छन् । मन्दिर, धर्मशालाहरू जीर्ण अवस्थामा छ । यी प्राचीनतम अस्थित्व बोकेका मन्दिर र धर्मशाला आजसम्म त आफ्नो दयनीय स्थिति देखाई रहेका थिए तर अव जीर्णोदारको आशामा नै रूमल्लिइरहेका छन् ।

काफिश्वर लिङ्गकै आसपासमा शक्तिसम्पन्न ब्रम्हायनि देवीको स्थान छ । जसको आराधानावाट नेपालीहरुले भोटको लडाईंमा विजय हासिल गरेका थिए रे भन्ने पनि स्थानीय वासिन्दाहरुको भनाई छ । उनीहरूको भनाइ अनुसार त्यस देवीथानवाट खड्ग उडेर भोटमा गयो र पछि विजय गरेपछि खड्ग त्यहीं फर्केर आयो रे भन्ने धारणा पाइयो । काफिश्वरदेखि एक कोश पूर्व पहाडको डाँडामा क्षमादेवीको मन्दिर छ । उक्त देवीको आराधना गरेपछि जुन-सुकै कार्य पनि सफल हुन्छ रे भन्ने पौराणिक धारणा छ । सुनकोशी पहाडको अग्र भागमा रहेको डाँडालाई गुफाडाँडा भनिन्छ । उक्त डाँडो प्राचीन समयमा ऋषिमुनिहरुको तपस्या गर्ने थलो हो रे भन्ने भनाइ स्थानीय बासिन्दाको भनाइ

छ । स्थानीय मोहन प्रसाद पौड्यालको भनाई छ कि वहाँको हजुर बुवाको भनाई अनुसार बोक्सी ओडार भित्र टोप्कावेशी भन्ने गाउँमा देउश्वर्य भन्ने ब्राम्हणले शिवजीको ओडारमा प्रत्यक्ष दर्शन पाएका थिए रे भन्ने धारणा छ ।

यो स्थानको भौगोलिक बनावटलाई हेर्दा स्वर्ण, तीर्थ, काफी–श्वर महादेव, बोक्सी ओडार, कालिन चोक भगवती स्थानसम्म भित्र–भित्रै सुरुङ्ग जस्तो बाटो भएको अनुमान गर्न सकिन्छ ।

यो पवित्र स्नान केन्द्र, पवित्र तपोभूमि हो भन्ने तथ्य प्रमाणित हुन्छ । यो स्थान धार्मिक र पर्यटन केन्द्रको उपयुक्तताको दृष्टिकोणले यसलाई वृद्धाश्रम, पर्यटन केन्द्र र साँस्कृतिक केन्द्रको रुपमा विकास गराउनु पर्ने पनि नितान्त आवश्यक देखिन्छ । वैदिक हिन्दू धर्मको संरक्षण र सम्वर्द्धनका लागि यो स्थानलाई राष्ट्रिय, धार्मिक, साँस्कृतिक रुपमा विकास गराउन तथा यस क्षेत्रले गरेको जीर्णोदार तथा संरक्षण र संवर्द्धन गराउन समस्त सनातन प्रेमी नेपालीहरूको हृदयमा काफिश्वर बाबाले सद्बुद्धि प्रदान गरुन् । यही शुभ–कामना र अपेक्षा ।

। अस्तु ।

४. कश्यपेश्वर शिवलिङ्ग

हिमवत खण्ड निर्दिष्ट नेपाल विश्व मानव जगतको एक पवित्र तीर्थस्थल हो । यही पवित्र भूमि नै विश्वमा एक मात्र हिन्दू धर्म र संस्कृतिको केन्द्र विन्दुको रुपमा परिचित छ । विभिन्न ऋषिमुनीहरुले यही पवित्र हिमालय राज्यमा ज्ञान प्राप्त गरेर ज्ञानका ज्योति फैलाएका थिए । पौराणिक आख्यानको अध्ययन र मनन गर्दा विश्वमा ज्ञानको ज्योति फैलाउने ऋषिहरुमध्ये इन्द्रावती र चन्द्रावती नदीको तथा सरस्वती र गौरी कुण्डको बीचमा तपस्या गर्दा-गर्दै सिद्धि पाउने तपस्वी कश्यप नाम गरेका ऋषिको नाम पनि अविस्मरणीय नै हुन आउँछ । पौराणिक शास्त्रहरूको अध्ययनबाट हामी यो पनि बुझ्न सफल हुन्छौं कि कश्यप ऋषिले तपस्या गर्दा उत्पन्न भएको लिङ्ग नै कश्यपेश्वर शिवलिङ्गको रूपमा परिचित हुन पुग्यो ।

कश्यपेश्वर शिवलिङ्ग (शिवको मन्दिर) को भौगोलिक स्थिति हेर्दा यसको उत्तर, दक्षिण, पूर्व र पश्चिममा क्रमश: इन्द्रावती नदी, डेडी थुम्का कुन्तावेसी, देउपुरी गाउँ रहेका छन् । गौरीकुण्ड र सरस्वती कुण्डको बीचमा यो शिव मन्दिर विराजमान छ । बागमती, अञ्चल, काभ्रेपलाञ्चोक जिल्लामा रहेको यो मन्दिर पौराणिक भएको कुरा त्यहाँको शिलापत्रको अध्ययनबाट बुझ्न सकिन्छ । त्यहाँको शीलापत्रको आधारमा यो मन्दिरको निर्माण राजा जयप्रताप मल्लले वि. सं. ११९३ मा गर्न लगाएका थिए ।

यो मन्दिरको सौन्दर्यतामा कलात्मकता छ । यो मन्दिरलाई चारैतिर सतलले घेरिएको छ । मन्दिरको अगाडि ठूला ठूला दुई घण्टा, जाई र अन्य जातका फूलहरू छन् । यहाँ हरेक वाला चतुर्दशीका दिन ठूलो मेला पनि लाग्ने गर्दछ ।

यो तीर्थको आसपासमा धाइटार भन्ने ठूलो फाँट छ । यहाँको बाटोको उर्वराशक्ति पनि प्रचुर मात्रामा नै छ । त्यस्तै अलि माथि डाँडामा उमा-देवीको मन्दिर, देउपुर डाँढामा ब्रम्हायणिको मन्दिर र पलाञ्चोक डाँडामा पला-ञ्चोक भगवतीको मन्दिर छ । यहाँ रहेका दुई कुण्डहरूको पनि केही गुठी छ ।

जस अनुसार गौरी कुण्डको ६० मुरी र सरस्वती कुण्डको ४० मुरी गुठी रहेको छ । यही गुठीको आधारबाट र यहाँका जनताले श्रद्धापूर्वक दिएको चन्दाबाट नै यहाँको पूजा–आजा चलिरहेकोछ भन्ने स्थानीय बासिन्दा तथा पूजारीले बताउँछन् ।

यो पंक्तिकार उक्त तीर्थको दर्शन गर्न तथा त्यस तीर्थबारे जानकारी लिने सिलसिलामा त्यहाँ पुग्दा केही व्यक्तिहरूसंग कुराकानी भएको थियो । कुराकानीको सिलसिलामा कुन्तावेसी धाइटार निवासी हरि प्रसाद पौड्यालको भनाइ यस्तो थियो–आजभन्दा लगभग ३ वर्ष अगाडिसम्म कश्यपेश्वर मन्दिर अगाडि एउटा माला गनिरहेको ऋषिको आकार भएको एउटा शिलाको प्रतिमा थियो । जुन शिला प्रतिमा ३ वर्ष यता चोरियो । यसलाई बुढापाकाहरू कश्यप ऋषिको प्रतिमा भनी विश्वास गर्थे र हामी पनि गर्छौं । त्यहाँका स्थानीय बासिन्दाहरूको गौरीकुण्ड तथा सरस्वती कुण्डमा स्नान गर्दा विभिन्न रोगहरु निको हुन्छ भन्ने विश्वास छ ।

हिमवत खण्ड उपपुराणको आधारमा यो स्थल एक पवित्र तपोभूमि हो भन्ने तथ्य प्रमाणित हुन्छ हिमवत खण्ड उपपुराणको आधारमा कश्यपेश्वर शिव लिङ्ग ठूला दहभित्र ऋषिहरुले सेवा गरिनु भै विराजमान भएको तथ्य हिमवत खण्डको ७० अध्यायबाट स्पष्ट हुन्छ । हिमवत खण्डको निम्न श्लोकहरूले पनि कश्यपेश्वर महादेव कश्यपऋषिको तपस्याबाट नै प्रकट भएका हुन् भन्ने तथ्य स्पष्ट हुन्छ ।

हिमवत खण्ड ९२ अध्याय

संसस्नौ कश्यपः पूर्वमस्मिन्तीर्थे मुदा द्विजः ।
खाँ दिने वृडेषर्कस्थे कृष्णाष्ट्म्यां तिथौ शिवे । । ७ । ।
अंतस्यो हि वर दध्यौ महासमाधिना शिव ।
चराचंर जगत्स्रष्टु शंकरं कश्यपो मुदा । । ८ । ।
संवत्सरं तदा व्याप्य सर्वजीवसि त्रक्षया ।
दध्यौ परातपंर भकत्या कश्यपो मुनिसत्तमः । । ९ । ।

उपर्युक्त पौराणिक तथ्यहरू निरूपाक्ष र सिद्धर्षिहरूको संवादमा उद्धृत भएका हुन् । जुन हिमवत खण्डको ९२ अध्यायमा उल्लेख गरिएको छ । विरुपाक्ष, सिद्धर्षिहरुको संवादमा सिद्धर्षिहरू बताउँछन् कश्यप ऋषिले गौरी कुण्ड र सरस्वती कुण्डको बीचको थुम्कामा बसी चराचर जगतको सृष्टिको लागि तप–

स्या गर्दा शिवजी प्रसन्न भएर जेष्ठ संक्रान्तिका मध्यरातमा शिवजी लिङ्ग स्वरूप उत्पन्न भएर कश्यप ऋषिलाई इच्छा मुताविकको वरदान दिएको तथ्य पौराणिक तथ्यवाट प्रमाणित हुन्छ र त्यस्तै यसै तीर्थमा स्नान गरेर शिवलिङ्गको दर्शनवाट पूर्व जन्ममा गरेको पापले नष्ट भै नपुंसक हुन पुगेका एक म्लेक्षले पुनः पुरुषत्व प्राप्त गरेको दृष्टान्त पनि हिमवत खण्डमा उल्लेख भएको छ। त्यस्तै किसिमवाट विद्वान लोकहरूले भक्तिपूर्वक यसै लिङ्गको पूजा गर्नाले मुक्ति प्राप्त गरी शिवलोकमा जान सक्ने तथ्य पनि पौराणित ग्रन्थमा उल्लेख्य छ ।

यो तीर्थलाई कश्यप ऋषिको तपोभूमि भएकोले कश्यप तीर्थ भनिनु एक किसिमवाट स्वाभाविकै छ । विभिन्न किसिमका तथ्यहरू भए पनि वास्तविकताको अनुसन्धानमा सबै पक्ष मौन रहेको देखिन्छ। वातावरण, स्थलगत विशेषता तथा अन्य कारणले यहाँ अपाङ्ग आश्रमको संचालन गरिनु आवश्यकता र उपयुक्तता देखिन्छ। आफ्नै वैशिष्टयले सम्पन्न यो धार्मिक स्थल पनि विकासको आशामा नै रूमलिइरहेको छ । यस किसिमको पवित्र धार्मिक स्थलको भौतिक, सांस्कृति विकास तथा ऐतिहासिकताको जगेर्ना गर्ने काममा समस्त धर्म प्रेमी देशवासीका मनमा, इच्छा, हृदयमा आकांक्षा र तत्परता अनि जोश र जाँगर उत्पन्न गराउने शक्ति भगवान स्वरूप कश्यपेश्वर शिवजीले सद्बुद्धि, शक्ति प्रदान गरुन्। यही नै शुभ–कामना अनि यसको सम्बर्द्धन तथा विकासको अपेक्षा त गर्ने पर्‍यो ।

। अस्तु ।

५. तेश्रो काशी स्फटिकेश्वर शिवलिङ्ग

नेपाल विश्वकै पूण्य भूमिको रुपमा प्रसिद्धि पाउन सफल एक मात्र हिन्दू राष्ट्र हो। विश्वकै अति पावन तीर्थस्थलको रूपमा रहेको यो नेपाल सनातन धर्मको आत्मसात गर्दछ। समस्त धर्मको मूल वैदिक सनातन हिन्दू धर्म निर्विकल्प शाश्वत धर्म हो।

बागमती अञ्चलको (सिन्धुपाल्चोक) जिल्लाको फटकशिला वेसीमा तथा हिमकाशा (इन्द्रावती) को सानिध्यमा विशाल शिला छ। तेश्रो काशीको रुपमा मान्न सकिने स्फटिकेश्वर शिवलिङ्ग यही स्थानमा रहेको विशाल शिलालाई नै मानिन्छ। जसको सानिध्यमा चन्द्रमामा (जर्के) हिमश्रवा (इन्द्रावती) तथा शिन्दू नदी छ। शिन्दू नदीको त्रिवेणीमा कान्ततीर्थ विराजमान छन्। हाल शिन्दू नदी जर्के र इन्द्रावती १०० मीटर उत्तरमा इन्द्रावती नदीसंग मिसिएको छ।

फटकशिला भन्दा पूर्व करीव ३० मी. को दुरीमा पार्वता नाम भएको एउटा ठूना शिला छ। स्थानीय मानिसको भनाइ अनुसार प्राचीन समयमा स्फटिकेश्वर शिलालाई नागले वेरिएको र त्यो नागले एउटा मृगको बच्चा समाती रहेको रहेछ रे र, पाँच दिनसम्म पनि उक्त नागले मृगको बच्चालाई नछाडेपछि नेपाल थर भएका कुनै ब्राम्हणले पूजा गर्दा नाग र मृग दुवै स्थल अलप भए रे भन्ने भनाइ छ। हालसम्म पनि जर्के र इन्द्रावतीको मिलन केन्द्रको आसपासमा नागले बेरिएको आकारको शिला पाइन्छ। त्यस्तै त्यहाँ भित्र रहेको धेरै कलात्मकताले पूर्ण शिलाहरू र मन्दिर भित्र रहेको लिङ्ग नै चोरी भयो भन्ने भनाइ स्थानीय बासिन्दाहरुको रहेको छ।

सिन्धुपलाञ्चोक स्पटकशिला निवासी पं. दुर्गारमण उपाध्यायको रचना अनुसार पनि यस तीर्थलाई तेश्रो काशीको रूपमा लिन सकिन्छ।

तेस्रो काशी

त्रिगयां त्रिकाश्वावै यच्च पुण्यं नशंसय।
मङ्गलं मङ्गल ज्ञेयं मङ्गलं जय मङ्गलम्॥

कीटीतीर्थ भनेर लेखिन गयो चौसट्ठी लिङ्ग बीच।
वाटो उत्तरंपन्थ खुल्छ सबको गङ्गजी शिर्मा शिच।।
साहा पापं छ जन्म जन्म भरको त्यो ल्याई यहीं थिच।
स्फट्केश्वर सित कोटी पुण्य लुटील्यौ कैण्य मुक्ति खिच।।
।।१।।
पैना काशीं त विश्वनाथ रहने त्यै देश हो जानन्।
दोश्रा कांशी पशुपति चरण हो आर्या हो त्यै मानन्।।
तोस्राकाशी फटकाशिला गिरी बुझी गङ्गाजीलाई लिनू
चौथौ काशी भू-चक्र देह वीचको हो घेकार भनूँ।।८।।

उपर्युक्त कविताहरूमा पं. दुर्गारमण उपाध्यायले चतुषष्टि लिङ्गको बीचमा स्फटकेश्वर शिवजीको आराधनावाट कैवल्य मुक्ति पाउन सकिन्छ भन्ने आफ्नो धारणा व्यक्त गर्नु भएको छ। पं. उपाध्यायले पहिलो काशीमा शङ्करले राम मन्त्र सुनाई दिने, दोस्रो, तेस्रो र चौथौमा क्रमशः पशुपति, हंस, र योगद्वारा सुनाई दिने कुरो व्यक्त गर्नु भएको छ। त्यस्तै उहाँले आफ्नो कवितामा अघि परापूर्व कालमा ब्रम्हा र शशिले कान्ति तीर्थमा स्नान गरेर पापवाट मुक्त भएका थिए रे भन्ने कुराको व्याख्य गर्नु भएको छ।

स्वर्गीय पं. देवी भरणज्यूको ७८ वर्षीय विधवा धर्म पत्नीले उक्त शिवलिङ्गको सानिध्यमा प्राप्त गर्नु भएको अनुभव पनि यस्तो छ। (उहाँकै शब्दमा यो वयान) : मेरा पतिले धेरै न वर्ष अगाडि आयोजना गर्नु भएको कोटीहोमको अवसरमा म पनि संलग्न थिएँ। त्यसै वखतमा आफूले आरती गरीरहेको अवस्थामा कमरूको आवाज आयो र मैले मेरा पतिलाई बोलाउन खोज्दा मेरो बोली फुटेन अनि एकछिन पछि त्यस शिव लिङ्ग अगाडि उज्यालो ज्योति देखें र कमरूको आवाज पनि बन्द भयो। त्यसवेला मलाई भगवान शिव प्रत्यक्ष दर्शन दिन आएको आभास भयो। यो तीर्थ अत्यन्त मुक्तिदायक तीर्थस्थल हो।

यस तीर्थको आसपासमा रहेका सनातन धर्मप्रेमी भक्तजनहरुको अवधारणा अनुसार यो तीर्थ पवित्र पूण्य तीर्थ हो। त्यस्तै हिमवत ख ड उपपुराण अनुसार यो तीर्थ पापमोचन केन्द्र हो। गन्धर्वहरूले यो पूजा गरिएका नेपाल भूमिमा विराजमान यो स्फटिकेश्वर शिवलिङ्गको वर्णन हिमवत खण्डमा

चन्द्रकान्ति नदी पुण्या हिमकश्रवा तथापरा ।
तयोश्च संगमे वत्स कान्तितीर्थं मुदाहृतम । । ८ । ।
एटतीर्थं विधिः प्रेक्ष्य मुमोद च भृशं द्विज ।
सस्नौ ततो मुदैतस्मिन्विधिवद्दि तदा सुखम । । ९ । ।
जलाल्पाण्य ततो धाता अत्रैव घ्यात वान्विभुः ।
भक्त्या समाधिनात्मानं समाराधितवान्हरम् । । १० । ।
ततो लिङ्गम् समुद्भूतं स्फटिकारममयं शुभं ।
आनर्च्च विधिवद्धता भक्त्या पंचोपचारकैः । । ११ । ।
संपूज्य च ततो लिङ्ग घाताऽसौ विधि पूर्व्वकँ ।
समागमन्मुदा वत्स ब्रम्हालोकं सनातनम् । । १२ । ।

विरूपाक्षले माघ कृष्ण चर्तुदशीको रात्रीमा स्फटकेश्वर शिवलिङ्गको पूजा गरेर शिदार्षहरूसंग यस लिङ्गको महात्म्य सोधेपछि शिदार्षहरुले उक्त तीर्थको महात्म्य बताएको तथ्य हिमवत खण्ड ६३ अध्यायवाट स्पष्ट हुन्छ । त्यस्तै पाँच पोखरीवाट उत्पन्न भएको हिमाश्रवा (इन्द्रावती) र चन्द्रकान्त मणिले शोभायमान भएको दुई नदीको संगमलाई कान्तितीर्थ भनिन्छ । जुन स्थानमा व्रम्हाजीले स्नान गरेर आराधना गर्दा (स्फटिक) ङुङ्गो तुल्य भएका सुन्दर शिवलिङ्ग उत्पन्न भएको तथ्य हिमवत खण्ड उपपुराणवाट वुझ्न सकिन्छ ।

परापूर्वकालमा यही तीर्थमा स्नान गरेर शिवजीको आराधना गर्दा पातकको कारणले तेजस्वी कान्ति गुमाउन पुगेका व्रम्हाजी र चन्द्रमाले पुनः कान्ति प्राप्त गरेको तीर्थ भएकोले यो तीर्थ कान्तितीर्थको रुपमा प्रसिद्ध छ । त्यसै गरी यस स्फटेकश्वर लिङ्गमा स्नान गरेर आराधना गर्दा गर्दै धर्मनाश भएका धर्मदाश नाम भएका व्राम्हण परमधाम भए र शिवजीका दूतले उनलाई विमानमा राखेर लगे भन्ने कुरो पनि पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ । फाल्गुण पक्ष कृष्ण चर्तुदशीका दिन कान्ति तीर्थमा स्नान गरेर यस लिङ्गको पूजा आराधना गरेमा यस लोक र परलोकमा सुखशान्ति हुन्छ भन्ने कुरो हिमवत खण्ड उपपुराणमा वर्णित छ ।

यसरी निष्कर्षमा भन्न पर्दा यो तीर्थ मुक्तितीर्थ हो। यहाँको वातावरणलाई हेर्ने हो भने यहाँ वृद्धाश्रमको व्यवस्था गरिएमा हिन्दू धर्मको संवर्द्धन र संरक्षणमा ठूलो टेवा पुऱ्याउँछ भन्ने विश्वास लिन सकिन्छ त्यसैले यो तीर्थको विकास गराउन समस्त सज्जन वृन्द समाज सेवी, धर्म प्रेमी, सुधारवादी–हरूको हृदयमा तथा समष्टिगतमा समस्त राष्ट्रवासीको हृदयमा शिवशक्तिले प्रेरणा दिउन। यसको संरक्षण र समर्द्धन तथा पूर्ण विकासको कार्यमा दृष्टि नजर यस वर्तमान सरकारले दिन सकोस भन्ने पूर्ण अपेक्षा गर्दछु।

। अस्तु ।

६. चन्डेश्वर शिवलिङ्ग

(बनेपा)

बागमती अञ्चल, काभ्रेपलाञ्चोक जिल्लाको बनेपा देखि उत्तरपूर्व करीब ३०० मी. को दुरीमा स्कन्द पर्वतको फेदीमा रुपवती नदीको पश्चिमी तटमा चण्डेश्वर शिवलिङ्ग अवस्थित छ ।

यसको नामाकरण कसरी यस्तो रहन गयो त ? यसको नामा– करणमा सार्थकता छ कि छैन ? यसलाई बुझ्न हामीले पौराणिक दर्शनहरुको अध्ययन गर्नु पर्ने हुन्छ । त्यस्तै पौराणिक ग्रन्थ, स्थानीय बासिन्दाको भनाई आदिलाई पनि मनन् गर्नु पर्ने हुन्छ । यस शिलशिलामा स्कन्द पर्वतको जङ्गलको कुटीमा तपस्या गरेर बस्नु हुने स्वामी प्रभानन्द उदाशिनको धारणा अनुसार चण्डेश्वर लिङ्ग चडेश्वर दानवको अनुरोधमा चण्डेश्वरी भगवतीले स्थापना गरिन र त्यसै स्थानमा उक्त राक्षसको वध गरिएको र देवताहरूको उद्दार गरे– कोले चडेश्वर नाम रहन गयो ।

त्यस्तै चण्डेश्वरी शिवलिङ्ग देखि करीब १५० मीटर उत्तरपूर्व कुनामा जलेश्वर शिवजी विराजमान छन् । उक्त तीर्थमा स्नान गर्ने ब्रम्हाचार्य बाबा श्री १०८ रमेश गिरी यस तीर्थको महिमा यसरी बताउनु हुन्छ । 'एक पटक चण्डेश्वर राक्षसले समस्त देव देवीलाई विजय गरी मोहवस आफूलाई शक्तिशाली बर दिने शिवजीलाई हाँक दिइरहेको अवस्थामा आफू (शिवजी) उक्त जलेश्वर दहमा अलप भएको र समस्त देवताहरू रक्त चन्दको वृक्षमा चराको रूप लिई बसेका तथा चण्डिका भगवती साधारण केटीको रुपमा त्यही रक्तचन्द वृक्षकै टोडकामा बसी पछि विकराल रुप धारण गरी चण्डेश्वर राक्षस– लाई बध गरिन अनि भगवान शिवजीले र भगवतीले देवताहरुलाई दर्शन दिए ।''

यस्तै स्थानीय बासिन्दाले पनि यही कुरोलाई स्वीकार गरेका छन् । ती स्थानीय बासिन्दाहरू उक्त तीर्थमा स्नान गर्नाले अनेक सिद्धि प्राप्त हुन्छ । त्यस्तै उनीहरु चण्डेश्वर दानवले यहाँ घुंडा मारेर तपस्या गरेका थिए रे

भन्ने पनि धारणा राख्दछन् । खोलाको दक्षिण तटमा रहेको शिलामा घुंडाको आकार देखिएकोले यो तथ्य सत्य होला भन्ने विश्वास लिन सकिन्छ ।

हिमवत खण्ड पुराणमा यसको व्याख्या यसरी गरिएको छ ।

हिमवत खण्ड ७० अध्याय

चंडेश्वरोमहोग्रास्यश्चण्डिकायाः समंस्थितं ।
लोकवाञ्छाकरो यत्र तन्ने पालो हि भसते ।। २० ।।

सम्पूर्ण लोकको इच्छा पूरा गर्ने चण्डेश्वर नामाकरण गरिएका शिवजी चण्डिका भगवतीका साथ हिमालको काखमा रहेको नेपाल देशको पर्वतको काखमा बिराजमान हुनु भएको तथ्य हिमवत खण्ड उपपुराणको ७० अध्यायवाट वुझ्न सकिन्छ ।

यसै गरी हिमवत खण्डको ९४ अध्यायमा चण्डेश्वर महालिङ्गको महात्मा ने मुनीजीले यथार्थ रूपमा वताएका छन् । यसै तीर्थमा तीर्थ भ्रमण गर्दै आएका च्यवन ऋषिले स्नान गरेर भक्तिपूर्वक पितृतर्पण गरे । ती ऋषिले यसै तीर्थको सानिध्य स्कन्द पर्वतको तल्लो थुम्कामा बसी ईश्वर चिन्तन गर्दा गर्दै चण्डेश्वर रुपी उग्रेश्वर शिवजीको दर्शन पाएको र शिवजीको दूतले उनलाई विमानमा राखी शिवलिङ्गमा लगेको तथ्य पनि स्पष्ट हुन्छ । यी माथिका तथ्यहरू निम्न श्लोकले पुष्टि गर्दछ ।

हिमवत खण्ड ९४ अध्याय

उग्रतीर्थे मुदासस्नौ च्यावनो ऽ यथाविधि ।
चकार तर्पण मध्या पितृदेव मुनीन् कमात ।। १० ।।
चैत्रशुलकनवम्यां च चण्डासुरो महावली ।
पूर्वोक्त विधिना चात्र उग्रतीर्थजलालुतः ।। २२ ।।

यसै उग्रतीर्थमा अन्धक दैत्यको पुत्र बीरचण्ड दैत्यले स्नान गरी यसैको सानिध्यमा रहेको जलेश्वर दहको निकटमा तपस्या गर्दा गर्दै जलेश्वर रुपि उग्र वर चण्डेश्वर शिवजी प्रकट भई दैत्यलाई त्रिलोक विजय प्राप्त गर्ने वरदान दिएर आफू त्यही अन्तर्ध्यान भए । शिवजीले दिएको वरदानवाट त्रिलोक बिजय गरी वरदाता चण्डेश्वर शिवजीलाई नै हाँक दिन थाल्यो र भगवतीले चण्डिका भगवतीको रुप धारण गरी उग्र चण्ड नामक दैत्यलाई वध गरेर देवताहरूको उद्दार गरे भन्ने तथ्य हिमवत खण्डको ९४ अध्यायको श्लोकवाट प्रष्ट हुन्छ ।

यसरी हामीहरु यसका विभिन्न विशेषताहरूको ज्ञान गर्न सक्छौं। यसको सानिध्यमा रहेको जङ्गल पनि अति मनोहर छ यसको उत्तरपूर्व ओपी स्थानवाट रुपवती नदी उत्पन्न भई दक्षिण पश्चिम तिर वग्नाले झन शोभायमान भएको छ। रूपवती र पूण्यवतीको संगममा उग्रतीर्थ छ। यस उग्रतीर्थको उत्तर-पूर्व स्कन्द पर्वतमा गोसाइस्थान डाँडामा गोसाइकुण्ड भएकोले यसको मनहरता-लाई वर्णन गर्न हामीसंग त्यस्तो शब्द नै बाँकी छैन। आफ्नै विशेषता, प्राकृतिक सौन्दर्यले भरिपूर्ण तथा हरियालीले धन्य धान्यो यो गोसाइकुण्ड यसको निकटमा रहनुले नै यसको विशेषता चरमचुलीमा पुगेका हो। चण्डेश्वर तीर्थ जलेश्वर तीर्थ र उग्र तीर्थको केन्द्र विन्दुमा रहेको तीर्थस्थल हो।

प्राकृतिक छटाले भरिपूर्ण, भएको यो तीर्थ धार्मिक, सांस्कृतिक स्थलको रुपमा परिचित छ। यसको प्राकृतिक तथा सांस्कृतिक बनोट अनुरूप यसको सानिध्यमा रहेको स्कन्द पर्वतमा ब्रम्हचार्य आश्रम, वृद्धाआश्रम, अपाङ्ग-आश्रम खोलिनु पर्ने र पर्यटन केन्द्रको रुपमा विकास गराउनु पर्ने आवश्यकता आजको परिप्रेक्ष्यमा टडकारो रूपमा देखिन्छ। यसको विकास गराउने कार्यमा समस्त राष्ट्रवासीहरुका हृदयमा भगवती चण्डिका देवीले प्रेरणा जगाई दिउन। यही नै शुभ कामना अनि विश्वास सहित अपेक्षा।

। अस्तु ।

७. धनेश्वर तीर्थ

(श्री खण्डपुर क्षेत्र)

धनेश्वर शिवलिङ्ग बनेपा र धुलिखेलको केन्द्र विन्दुमा रहेको श्री खण्डपुर क्षेत्रमा पर्दछ । यो तीर्थ रौद्र पर्वतको काखमा उर्णतीर्थको सानिध्यमा रहेको छ । यो लिङ्ग बीचमा एउटा ठूलो कुण्ड र दक्षिण पश्चिममा एउटा ४ माना जल अटाउने कुण्ड छ ।

स्थानीय बुढापाकाहरुको भनाई अनुसार यस ठाउँमा ठूलो जङ्गल थियो । यहाँको जङ्गलमा आरुको रुखहरु थियो । यहाँको आरुको बियाँ फोर्दा रगत आउँदथ्यो । त्यस्तै पौराणिक धारणा अनुसार यही स्थानमा सती-देवीको कान पतन भएर यो तीर्थको स्थापना भयो । उक्त स्थानमा रहेको शिलाको अवलोकन गर्दा कानको आकार देखिन्छ । धनेश्वर शिवलिङ्ग सतीदे-वीको कान पतन भएर उत्पन्न भएकोले यसलाई ध्यानेश्वर भनेर पनि भन्ने गरिन्छ ।

यस्को सानिध्यमा रहेको कल्पवृक्षको फेदमा अम्बिका देवी स्थान छ । उक्त देवीलाई भोग नदिइने (बलि नचढाइने) र पञ्चामृत चढाउने गरिन्छ । त्यहाँका बासिन्दाहरु चण्डेश्वरले शक्ति दिने र धनेश्वरले धन दिने कुरामा विश्वास गर्दछन् ।

धनेश्वर शिवलिङ्गमा नित्य पूजा-आजा भजन कीर्तन हुन्छ । यहाँका महादेवले धनको साथै पुत्र दिन्छन् भन्ने अवधारणा त्यहाँका बासिन्दाह-रुमा रहेको छ । यहाँको स्थानीय पूजारी बिदुर गौतम शर्मा बताउँछन्– '२०४७ साल माघ महिनामा एक दम्पत्ती ६-७ बर्षको छोरो लिएर आएका थिए । छ सात बर्ष भइसक्दा पनि छोरा लाटो भएकोले ती दम्पत्ती चिन्तित थिए । त्यस-बालकलाई मैले जल छर्की दिएँ र बालक रोयो अनि मैले फेरि एक थपड हिर्का-एपछि त्यो बालक राम्ररी बोल्न भयो ।

हिमवत खण्डमा यस तीर्थको बारेमा पनि वर्णन गरिएको छ । जस अनुसार यसको ७० अध्यायमा यसरी वर्णन गरिएको छ ।

हिमवत खण्ड ७० अध्याय

धनेश्वर: स्थिती यत्र चतुषष्टी गणौ: संम ।
भक्ताय वस्रु द: पूर्ण तन्नेपालो विराजते ।। २१ ।।

भक्तहरुलाई धन दिने प्रभु धनेश्वर ६४ गणका साथै रोद्र पर्वत नेपालमा विराजमान रहेको तथ्य पौराणिक धारणा पाइन्छ ।

हिमवत खण्ड ६५ अध्यायमा धनेश्वर शिवलिङ्गको विशेष वर्णन गरिएको छ । यस अध्यायमा विरुपाक्ष र ने मुनीको संवाद छ । विरुपाक्ष र ने मुनीको संवाद अनुसार धनेश्वर महालिङ्ग यस स्थानका भृगु ऋषिको तपको प्रभावले भएका हुन भन्ने कुरा बुझिन्छ । त्यसभन्दा पछि पनि त्यसै स्थानमा गरीव एक शिवदास नाम गरेका वैश्यका तपको प्रभावले धनेश्वर स्वरुप शिवजी प्रकट भएर उक्त वैश्यको इच्छापूर्ण हुने धन दिएको र तपस्यको प्रभावले शिव–जीले मुक्ति पाएको र आफू त्यही अन्तर्ध्यान भएको कुरा यसै अध्यायवाट स्पष्ट हुन्छ ।

हिमवत खण्ड ६५ अध्याय,

माघकृष्ण शुभे पक्षे षष्ठायां पूजितवाञ्हरं ।
धनेश्वर महालिङ्ग भकत्या पञ्चोपचारकै ।। २ ।।
संपूज्य विधिवाल्लिङ्क तन्माहात्म्यं हि नेमुर्नि ।
प्रप्रच्छ च तदभूतं विरुपाक्षो घद्दोभव ।। ३ ।।
मृगुणा च पूरा तत्तं व्याप्य शत समाद्विज ।
तत समुद्भवं चैतल्लिङ्ग तदा तदग्रस्त: ।। ६ ।।
धनेश्वरो शतिख्यातो भवत्विति भवात्पुन: ।
एतल्लिङ्ग हि याकेऽहं त्वामेतच्च वरं विभो ।। ८२ ।।

उपर्युक्त कथन अनुसार विरुपाक्षले माघ षष्ठीका दिन धनेश्वर लिङ्गको पूजा गरेर ने मुनीजीसंग यो लिङ्ग कसरी यसरी प्रकाशित गर्‍यो भन्ने प्रश्न गरेको तथ्य बुझ्न सकिन्छ । यसै अध्यायमा ने मुनिजीको जवाफ अनुसार यो लिङ्ग भृगु ऋषिका तपका प्रभावले प्रकाशित भयो । भन्ने तथ्य पनि बुझ्न सकिन्छ । यसै पौराणिक धारणा अनुसार उनै शिवजीबाट वरदान पाएर भृगु ऋषि अझसम्म चिरञ्जीवी र ऋषिहरुका बीचमा श्रेष्ठ भए भन्ने तथ्य स्पष्ट हुन्छ ।

यसै अध्यायको अर्को कथन अनुसार शिवदास नाम गरेका वैश्य-लाई इच्छा अनुसारको वरदान दिई आफू धनेश्वर नामले प्रसिद्ध भएर अन्त-र्ध्यान भए ।

यो तीर्थको संरक्षण, सम्वर्द्धनको लागि श्री ५ को सरकारले पनि दृष्टि नजर र आवश्यक सहयोग गरेमा हाम्रो हिन्दू धर्म र संस्कृति तथा अस्थित्व वाँच्ने छ भन्ने आशा गर्नु सबै धर्म प्रेमी भक्तजनहरूको स्वभाविक नै हो । यहाँ पर्यटन केन्द्र र अपाङ्ग आश्रमको विकासको लागि कदम चालिएमा यहाँको अस्थित्व अझ दीर्घकालसम्म रहने हुनाले यसको विकास, संरक्षण र सम्वर्द्धनको लागि धनेश्वर बावाले सबैका हृदयमा प्रेरणा जगाई दिऊन ।

। अस्तु ।

८. विकटेश्वर शिवलिङ्ग

(साँगा)

विभिन्न द्वीपहरू मध्ये जम्बु द्वीपमा रहेको नेपाल क्षेत्र धार्मिक दृष्टिकोणले अति नै उत्तम भएको कुरा निर्विवाद नै छ। यहाँका अनेक डाँडा काँडा, पात्रा, पर्वत, नदी, नाला र प्राकृतिक छटा तुल्य रंगीन संसार हो। विभिन्न पर्वतहरू मध्ये द्रोणाचल पर्वत आदि कालदेखि प्रसिद्ध छ, सायद यसै द्रोणाचल पर्वतको काखमा विकटेश्वर शिवलिङ्ग विराजमान भएर होला अन्य तीर्थ जस्तै मुक्ति पाउने यो तीर्थ अति पवित्र छ। यसको सानिध्यमा पुण्य तीर्थ छ। जसो धरा, निर्मल गंगा र ललीता नदीको संगममा अवस्थित हरिहर तीर्थको नामको पुण्य तीर्थ छ। किम्वदन्ती अनुसार विकटेश्वर शिवलिङ्गको आसपासमा गोठापीठोल भन्ने क्षेत्रमा गोमाको घर थियो। यसको ३ कि. मी पूर्वमा वुडोल अर्थात वरुणपुर भन्ने गाउँ छ। जहाँ प्राचीन समयमा अग्निश्वामीको छोरी चन्द्रावतीको घर थियो।

प्राचीन समयमा नेपाल खाल्डो पानीले ढाकिएको थियो भन्ने ऐतिहासिक प्रमाण निर्विवाद नै छ। यो खाल्डोको पूर्व ढोकाको रुपमा विकटेश्वर हरिहर क्षेत्र थियो। १. विकटेश्वर निकट शेषनाग पञ्च कोशीमा स्मशान घाट छ। विकटेश्वरको उत्तरमा नारायणको मन्दिर छ। उक्त तीर्थको दक्षिणमा नागको आकार भएको धेरै नागहरूको स्वरुप भएका शिला छ। हाल नागको स्वरूप भएको शिला उतिस घारिमा पर्दछ। उक्त तीर्थमा देखिएको नागको स्वरुपको शिलालाई अवलोकन गर्दा त्यो शिला भगवान विष्णुको आसन हो कि भन्ने कल्पना हाम्रो मनमा जगाउँछ। स्थानीय वासिन्दाहरूका अनुसार त्यो शिला भएको ठाउँमा पहिला पोखरी थियो। त्यहाँ पाँच कन्या नागको स्वरुप भएको शिला छ जसको माथि एउटा गाइको कल्चौंडो भएको शिला पनि छ।

त्यसै तीर्थका समीप जनगाल भन्ने ठाउँका निवासी पं. राम्जी सिग्देलको भनाई यस्तो छ। जसोधरा नदीको शिरमा पहिला दुग्ध तीर्थ थियो उक्त तीर्थको थुम्कालाई भगवान तीर्थ भनिन्छ। उक्त थुम्काको गुफाबाट पहिला

पहिला दुग्ध तीर्थमा थुप्रै हाँसहरू देखिन्थ्यो तर अहिले देखिँदैन ।'

त्यहाँका स्थानीय बासिन्दाहरुले यस तीर्थको नामाकरणमा यस्तो धारणा राखेका छन्– 'यस विकटेश्वर तीर्थमा नारदको उपदेशले विकट म्लेक्षले तपस्या गरेर उक्त म्लेक्ष मुक्त भएकले उक्त तीर्थको नाम विकटेश्वर रहन गएको हो ।'' यहाँ घटेका घटनाहरुको बारेमा पौराणिक किम्वदन्ती पनि रहेक छ । उक्त किम्वदन्ती अनुसार शेषनागमा सवार भएर विश्वनाथजी यहीं बस्न आउनु भएको थियो । त्यहाँ आइपुगेपछि कुखुरा बास्यो र विशेश्वर भगवान बनारसमा फर्केर गए । तर नारायण मन्दिर थियो पछि मुसलधारे वर्षाको कारणले मन्दिर भत्कियो र शेषनाग सहित नारायण मूर्ति नदीले बगाएर लग्यो र हाल त्यो नारायण भगवानको शिला सिन्धुली जिल्लाको दुम्जाबेसी (गजुलीदह) मा छन् भन्ने पौराणिक जन धारणा त्यहाँका बासिन्दाहरुमा रहेको छ ।

यस तीर्थको बारेमा पनि हिमवत खण्डको विभिन्न अध्यायमा वर्णन गरिएको छ ।

हिमवतखण्ड ७० अध्याय

बिकटेशो महालिङ्ग: सुरलोकै: प्रसेवित: ।
रुद्रगणौं: समं नित्यं यत्र विराजते भृशम् ।। २२ ।।

माथिको श्लोक (हिमवत खण्डको ७० अध्याय) मा देवताहरुले सेवा गरिएका बिकटेश्वर शिबलिङ्ग रुद्रगणका साथ नेपालमा बिराजमान रहेका छन् भनेर व्याख्या गरिएको छ ।

त्यस्तै हिमवत खण्डको ६६ अध्यायमा विरुपाक्षले बिकटेश्वर महालिङ्गको उत्पति बारे ने मुनीसंग सोधेकोमा ने मुनीजीले यसरी उत्तर दिए– एक पटक कुनै विकटनाम गरेको म्लेक्ष्यले शिकारको थकाइले पीडित भएको अवस्थामा पुण्यतीर्थको पवित्र जलपान गर्दा उस्लाई शिवजीको ध्यान गरेर मुक्ति प्राप्त गर्ने भावना उब्ज्यो र उस्ले पुण्यतीर्थ हरिहर क्षेत्रमा तपस्या गर्दा गर्दा लिङ्गस्वरुब शिवजी प्रत्यक्ष भएर म्लेक्षलाई मुक्त हुने वरदान दिएर आफू त्यही तीर्थमा अन्तर्ध्यान हुनु भएकोले यो तीर्थको नाम विकटेश्वर रहन गयो । विक–टेश्वर नामले हरिहर क्षेत्र पुण्यतीर्थको तटमा रहेको (द्रोणाचलको फेदीमा रहेको) तथ्य पनि हिमवत खण्ड उपपुराणको आधारमा प्रष्ट हुन्छ ।

वर्तमान अवस्थामा यस क्षेत्रको भौगोलिक र सांस्कृतिक वाताव–रणलाई विचार गर्दा यस तीर्थलाई हरिहर तीर्थ भन्नु उपयुक्त देखिन्छ ।

यस्तो पवित्र हरिहर क्षेत्र, बिकटेश्वर शिवजी बिराजमान हुनु भएको पुण्य तीर्थलाई पौराणिक सांस्कृतिक केन्द्रको रूपमा विकास गराउने तर्फ श्री ५ को सरकारको ध्यान जानु उपयुक्त देखिन्छ । यस धार्मिक क्षेत्रको विकास गराउने कार्यमा समस्त राष्ट्रवासीका हृदयमा विकटेश्वर शिवजीले प्रेरणा जगाइदिउन । यही शुभ कामना ।

।अस्तु।

९. इन्द्रेश्वर शिवलिङ्ग

(पनौती)

जम्वुद्वीप नेपाल अधिराज्यको वागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत पनौतीको निकुञ्ज पर्वतको काखमा, लीलावती र रुपवतीको संगमको पवित्र तटमा. परापूर्वकाल (द्वापर युग) को पाञ्चाल भन्ने देशमा इन्द्रेश्वर शिवलिङ्ग अवस्थित छ । यो लिङ्ग रहेको पनौती शहर प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ, मनोहर छ । यस लिङ्ग तीर्थको आसपासमा अष्टभागीका बिभिन्न देवीहरु पनि छन् । ब्रम्हायणी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी, चामुण्डा, त्रिपुरा सुन्दरी, तलेजु भगवतीको मन्दिर पनि यसै निकुञ्ज पर्वतको काखमा छ । यस लिङ्गको इशान कोठामा गौतम पत्नी अहिल्या स्वरुप शिला पनि रहेकोछ ।

यस स्थानको जानकारी लिने उद्देश्यले यो पंक्तिकारले त्यस स्थानको केही व्यक्तिहरुसंग कुराकानी पनि भएको थियो । प्रस्तुत छ ती व्यक्तिहरू-संग भएको कुराकानीका केही अंश ।

श्री यज्ञ प्रसाद अधिकारी (कुशादेवी)

"यस स्थानको आसपासमा गौतम ऋषिको आश्रम थियो: इन्द्रले एक पटक गौतम पत्नीको सतित्व हरण गरेको कारणबाट गौतम पत्नी अहिल्यालाई पत्थर स्वरूप शिला हुने र सतित्व हरण गरेको दुस्प्रयासको फलस्वरूप इन्द्रलाई हजार योनी युक्त हुने गौतम ऋषिको श्राप पर्‍यो । पछि इन्द्रले यही स्थानमा तपस्या गरेर गौतम ऋषिको श्राप मोचन गरेका थिए ।'

श्री चुणामणि अधिकारी (कुशादेवी)

यो स्थान परापूर्वकालको पाण्डवहरुको राज्य इन्द्र प्रस्त हो यो इन्द्रप्रस्त भनिने डाँडाको वारिपारी बसेर इन्द्र र इन्द्रायणी गौतम ऋषिको श्राप मोचन गर्न तपस्या गर्न बसे । यही इन्द्र र इन्द्रायणीले तपस्या गरेको पवित्र स्नान केन्द्र सची तीर्थ भनिन्छ ।'

यस तीर्थमा १२ वर्षमा, माघ महीना भर मकर मेला लाग्ने

गर्दछ । यस स्थानमा नुहाउनाले नरनारीहरु आफूले गरेको सम्पूर्ण पापबाट मुक्त हुन सकिन्छ भन्ने धारणा राखदछन् ।

यस इन्द्रेश्वर महादेव मन्दिर देखि, नदीको पारिपट्टि अति मनोहर थुम्को छ, जसलाई गोसाइँस्थान सीता पाइला भनिन्छ । उक्त डांडामा एउटा माला लगाइएको टाउको र अर्को एक शिला छ । उक्त माला लगाइएको शिलाको टाउको काटिएको अवस्थामा छ । यो ठाउँको भौगोलिक बनावट हेर्दा गौतम ऋषिको तपस्या केन्द्र यो डाँडामा नै थियो होला भन्ने अडकल काट्न सकिन्छ ।

हिमवत खण्ड ७० अध्याय

इन्द्रेश्वरो महालिङ्गः इन्द्रेप्सित फलप्रदः ।
रुद्राण्यां संस्थितो यत्र तन्नेपालो. हि राजते । । २३ । ।

इन्द्रले इच्छा गरेको फल दिने इन्द्रेश्वर महालिङ्ग रूद्राणीका साथ नेपाल राज्यको पनौतीमा बिराजमान रहनु भएको छ भन्ने तथ्य उपर्युक्त श्लोकबाट पुष्टि हुन्छ ।

हिमवत खण्ड ९७ अध्याय

शच्या कृतं तत्पश्चात्त पद्मावती समुद्भवा ।
तपोश्चे सङ्गमे शक्र शचीतीर्थ ततोऽभवत । । ४४ । ।
एतल्लिग च नाम्ना भविश्यन्ति क्षितौ सदा ।
इन्द्रेश्वर इतिख्यातं लोकवाच्छा फल प्रदम् । । ४७ । ।

हिमवत खण्ड ९७ अध्यायमा वर्णन गरिएको तथ्यको आधारमा इन्द्रेश्वर शिवलिङ्गको आसपासमा मिथिलामा शोभायमान भएको ब्रम्हपूरी नाम गरेको शहर थियो जहाँ नित्य तपस्या गर्ने गौतम ऋषि वस्नु हुन्थ्यो त्यही गौतम आश्रममा छद्म भेष गरी स्वर्गका राजा इन्द्रले अहिल्यासंग विषय भोग गरी आफ्नो कामशक्ति तृप्त गरेका तथ्य यस अध्यायमा गरिएको छ । यो थाहा पाएर गौतम ऋषिले अहिल्यलाई शिला हुने र इन्द्रलाई हजार योनी युक्त हुने श्राप दिएका तथ्य पनि यसै अध्यायमा वर्णन गरिएको छ ।

यस अध्यायमा वर्णन गरिए अनुसार काम तृष्णाको कारणबाट श्राप पाएका देवराज इन्द्र हजार योनी युक्त भएको आफ्नो निन्दनीय शरीर लिएर आफ्नो दरबारमा पुगे । गुरू वृहस्पतिको सल्लाह लिएर देवराज इन्द्र

इन्द्रायणीका साथ कुन्ज पर्वतको फेदीमा रुपवती र लीलावतीको संगममा गरूर स्नान गरेर दक्षिण तीरमा रही शिवजीको आराधना गर्न थाले र इन्द्रायणी उत्तर तीरमा रहेर तपस्या गर्न थाले । इन्द्रायणीको तपस्याको प्रभावले प्रसन्न भएर पार्वती दुई नदीको संगममा पद्मावतीको रुप भै प्रकट हुनु भयो र वग्नु भयो । ती दुई नदीको बीचमा बगेकी पद्मावतीलाई इन्द्रायणीले देख्नु भयो र आफूले आँटेको कार्य पूरा हुने विश्वास पार्वतीले गर्नु भयो । इन्द्रायणीले पार्वतीलाई देखेको एक वर्षपछि आषाढ पूर्णिमाको दिन तिनीहरूको बीचमा शिवलिङ्ग उत्पन्न भयो । इन्द्र र इन्द्रायणीको तपस्याको प्रभावले प्रत्यक्ष भएका लिंग स्वरुप शिवजीले भन्नु भयो "इन्द्रायणीको तपस्याको प्रभावले पद्मावती उत्पन्न भएकाले यो दुई नदीको संगम सचीतीर्थ हुने छ र यो शिवलिङ्ग पनि इन्द्रेश्वर शिवलिङ्गको नामले विश्व प्रसिद्ध हुनेछ ।" उनै इन्द्रेश्वर शिवलिङ्गको प्रभावले (कृपावाट) एक योनी निधारमा बाँकी रहयो र अरु समस्त योनीहरु नासियो भन्ने तथ्य ने मुनिजीले विरूपाक्षलाई बताउनु भयो । भन्ने कुरो हिमवत खण्डमा वताइएको छ । यसरी सची तीर्थमा स्नान गरेर इन्द्रेश्वर शिवलिङ्गमा दर्शन गर्नाले सम्पूर्ण पापवाट मुक्त भै शिवलोक प्राप्त गर्न सकिन्छ भन्ने पौराणिक धारणा छ ।

यसरी यो स्थानलाई आध्यात्मिक अनुसन्धान तर्फ श्री ५ को सरकारको ध्यानाकर्षण हुनुपर्ने, यहाँ रहेको सची तीर्थलाई स्नान केन्द्रको रुपमा विकास गराउने कार्यमा राष्ट्रवासीको धारणा केन्द्रित हुन आजको परिप्रेक्ष्यमा सत प्रशित वाञ्छनीय देखिन्छ । यसको विकास, संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमा शिवजीले प्रेरणा जगाइदिउन, यही शुभ कामना ।

। अस्तु ।

भालेश्वर शिवलिङ्ग

(वेबहर)

नेपाल एक मात्र हिन्दू राष्ट्रको रुपमा रहेको एक पवित्र हिन्दू धर्म र संस्कृतिको केन्द्र विन्दू हो । पवित्र हिन्दू अधिराज्य नेपाल भगवान शिवजीको वासस्थान हो । देशको विभिन्न भागमा बिभिन्न शिव स्वरूप लिङ्गले भरिपूर्ण भएकोले नै यो देशलाई शिवजीको आश्रम भन्ने संज्ञा दिन हामीले हिचकिचाउन पर्दैन् । त्यस्तै क्रममा दशम शिवलिङ्गको रूपमा निकुञ्ज पर्वतको टाकुरामा, लीलावती र सुखश्रवा नदीको संगम, गन्धवती तीर्थको सानिध्यमा रहेको कुशादेवी र पनौतीको केन्द्र विन्दु एक पवित्र भालेश्वर शिवलिङ्ग रहेको छ ।

यस तीर्थको नामाकारण कसरी भालेश्वर रहन गयो भन्ने विषयमा त्यहाँका स्थानीय बासिन्दा (कुशादेवी निवासी) यज्ञ प्रसादले जानकारी दिने सिलसिलामा यस पंक्तिाकारलाई वताउनु भयो– "इन्द्रले गौतम ऋषिको श्राप पर्दा इन्द्रेश्वरको आराधना गर्दा सवैलिङ्ग छुटयो तर एकलिङ्ग निधारमा बाँकी थियो । पछि इन्द्रले गन्धवतीको स्नान गरी त्यत्रैको निकटमा रहेको शिवलिङ्गको दर्शन गर्दा एकयोनीवाट पनि मुक्त भई पुरुषत्व प्राप्त भएकोले यो शिवलिङ्गको नाम भालेश्वर शिवलिङ्ग रहन गयो ।

हिमवत खण्ड ९८ (२) अध्याय

ततो गन्धर्व तीर्थेऽसौ स्नात्वा च विधिवत्पुनः ।
भालेश्वर समानर्च्य निञ्कुञ्ज चल शेखरे ।। २ ।।

हिमवत खण्डको ९८ अध्यायमा भनिए अनुसार विरूपाक्षले त्यस गन्धर्व तीर्थमा स्नान गरेर निञ्कुञ्ज पर्वतमा रहेको भालेश्वरको पूजा गरेपछि ने मुनीसंग यस तीर्थको उत्पती र महत्ववारे सोद्दा ने मुनीले विरूपाक्षलाई यसको उत्पति र महत्ववारे सुनाए । ने मुनीको भनाई अनुसार यो तीर्थ सतीदेवीको लालट पतन भएर उत्पन्न भयो । स्वस्थानी ब्रत कथामा पनि यही बताइएको छ । रम्भाको श्रापबाट स्वर्गवाट खसेका सुमुख नाम गरेका गन्धर्वले यही

भाले खरको निकटमा रहेको लीलावती र सुखश्रवा नदीको संगममा स्नान गरेर भालेश्वरको दर्शन गर्नेले भालेश्वर महादेवको वरदानवाट श्राप मोचन भएर निज गन्धर्व पुनः स्वर्ग गएका तथ्य हिमवत खण्ड उपपुराणमा व्याख्या गरिएको छ। उक्त पुराणको आधारमा यो तीर्थ नै गालव ऋषिको तपोभूमि थियो। ने मुनीजीले विरुपाक्षलाई बताए अनुसार यस तीर्थमा स्नान गरेर यस शिवलिङ्गको दर्शन गर्नाले मनले चाहेको कुरा सिद्दि हुन्छ र शिवलोकमा समेत जान पाइन्छ।

यसरी काभ्रेपलाञ्चोक जिल्लामा ६ वटा शिवलिङ्ग रहेका छन्। यी लिङ्गहरुलाई ठाउँको बनावट, प्राकृतिक मनोहरताको स्वरुपलाई हेरेर वृद्धाश्रम, अपाङ्ग आश्रम, पर्यटन केन्द्रको रूपमा विकास गराएमा केही हदसम्म भए पनि आर्थिक विकासमा टेवा पुग्ने मात्र नभै एक मात्र हिन्दूराज्यको रुपमा रही नेपालको अस्थित्व बचाउने हिन्दू धर्मको समेत संरक्षण हुन सक्ने तथ्य निर्विवाद नै देख्न सकिन्छ। यी विभिन्न विशेषता बोकेका लिङ्ग तीर्थहरुको विकास गराउन समस्त राष्ट्र वासीका हृदयमा शिवशक्ति स्वरूप इश्वर र ईश्वरीले प्रेरणा जगाइदिउन। यही शुभ कामना र अपेक्षा राख्दै दशमलिङ्ग सम्मको वर्णन यहीं विसंजन गर्दछु।

। अस्तु।

११. गुप्तेश्वर शिवलिङ्ग

(भारदेउ ल. पु.)

जम्बुद्वीपमा अवस्थित: हिमालको काखमा रहेक: नेपाल अधि-राज्यको ललितपुर जिल्ला अन्तर्गत भारदेऊ गा. वि. स. को पूर्वमा रहको गुप्ते-श्वर पहाडको बीचमा एक गुफा भित्र बिभिन्न शिवगणहरू सहित एक पर्वत जिल्लाको सदरमुकाम कुस्मा नजीक गुप्तेश्वर नामक शिव-लिङ्ग छ। यसको दायाँ बायाँमा रमणीय दृष्यहरूले शुशाभिव अनगिन्ती पहाड-हरु छन्। यसको उत्तर र दक्षिण तिरबाट प्राचीनकालको प्रभावती र प्रवान-दीको नामले चिनिने नौ खण्डे खोलो र भारदेऊ मूलडोला खोला बगेकी छिन्। जसको संगमलाई शिद्ध तीर्थको नामले चिनिन्छ। ८००० फीटको उचाइमा रहेको यो गुप्तेश्वर शिवलिङ्गको समीपमा महाकालीको एक मन्दिर रहेको छ भने अर्को अति मनोहर चौर छ। यस शिव लिङ्गको निकटमा ठूला ठूला बाँझका रुखहरू पनि छन्। यो पवित्र गुप्तेश्वर शिवलिङ्गसम्म पुग्नको लागि भारदेऊ देखि ढुङ्गाको सिंढी छ।

यस शिवलिङ्गको बारे जानकारी लिने उद्देश्य लिई यो पंक्तिकार त्यस स्थानमा पुगेपछि त्यहाँका केही स्थानीय बासिन्दाहरूसंग कुराकानी पनि भएको थियो। ती कुराकानीलाई पनि यस लेखमा प्रस्तुत गर्न सान्दर्भिक देखि-एकोले यी कुराकानीको केही अंश पनि यस प्रकारले प्रस्तुव गरिएको छ।

ले ले ग्राम (ल. पु.) निवासी वद्री श्रेष्ठ

"एक पटक पशुपतिमा बसिरहेका शिवजीले एक तपस्वी दान-वलाई दानबको माग मनुस्य देहधारी मानव प्राणीहरूलाई भष्म गराउन सक्ने वर माग्दा बिष भाङ खाएर अचेतन अवस्थामा रहेको बखत तथास्तु भनेर वर-दान दिए रे। त्यस राक्षसले परीक्षणको लागि शिवजीलाई नै लियो र शिवजी-लाई भष्म गराउन आँटेकोले शिवजी यस ठाउँमा आएर बस्नु भयो रे। भस्मा-

सुर ढोकामा बसेकोले गुफाबाट धेरै समयसम्म निस्कन सक्नु भएन अनि कैला-शमा खैलाबैला पछि ऋषिहरुको तपका प्रभावले मृगको रुप धारण गरेर निस्कनु भयो रे। मृग रूप शिवलाई शिकार खेल्न जङ्गलमा कुकुर समेत लिएर आएको उक्त एक शिकारीले लगेटदा कुकुर र मृग दुवै त्यस गुफाभित्र पसेको र धेरै बेर-सम्म ती दुवै ननिस्किदा शिकारी गुफाभित्र पसेर हेर्दा कुकुर र मृगको बदलामा एक शिवलिङ्ग मात्र देखेपछि त्यस समयदेखि कुकुरहरूले नै उक्त लिङ्गको पूजा आर्चना गर्दै आएरे।"

भारदेऊ निवासी राम बहादुर कार्की पनि यही भनाइमा नै सह-मत देखिनु हुन्छ।

यस गुप्तेश्वर तीर्थमा पहिला पहिला सिठीदेखि मंसीरसम्म पूजा आजा वन्द रहने र मंसीर पूर्णिमादेखि सिठीसम्म नित्य पूजाआजा गर्ने प्रचलन रह्यो। किम्बदन्ती अनुसार शिवजी ६ महिना गुप्तेश्वर र ६ महिना गोसाइ-कुण्डमा रहने गर्दछन्। शुरूमा यस तीर्थमा बैशाख पूर्णिमामा ठूलो मेला लाग्दथ्यो।

शुरुमा यस तीर्थको ठूलो गुठी थियो। त्यसैबाट नित्य ६ महीना पूजा-आजा चल्ने गर्दथ्यो तर हाल गुठी लोप भैसकेकोले नित्य पूजा-आजा चलन सकेको छैन्। पहिला यस तीर्थमा ठूला ठूला घण्टा थियो र हाल चोरी भैस-केको भन्ने कुरा भारदेउ निवासी राम बहादुर श्रेष्ठ बताउनु हुन्छ।

गुप्तेश्वर गुफाको दुई भाग छ। धर्मद्वारले गुफालाई दुई भागमा बाँडेको छ। यो पंक्तिकार वर्षाको समय (श्रावण) मा त्यहाँ पुग्दा सम्पूर्ण वस्तु-स्थितिको दृष्यावलोकन गर्न नसके तापनि साधारण रुपमा अवलोकन गर्न भने सकियो। यस गुफामा रहेका शिलाहरू अनौठा किसिमका छन् यहाँका गुफाभित्र विभिन्न आकारको शिलाको रूप देख्दा भगवानको विराट स्वरुपको भान हुन्छ। वर्षा समयमा यहाँ पस्न सकिदैन्। यहाँ ६ महिनासम्म पानी रसाइरहन्छ र यहाँ पानी रसाएको वेला सर्प, नागहरु निस्कने गर्दछ। यो आध्यात्मिक कारणबाट हो वा वैज्ञानिक कारणले हो दोधारको विषय नै बनेको छ। त्यस्तै यस गुप्ते-श्वरको गुफामा गाईको आकारको र पाँचवटा बाच्छा-बाच्छीको आकार भएको शिलाहरू छन। त्यहाँ देखिएको शिवलिङ्गको अगाडि गाईको शिला छ र गुफाको बीच भागमा गणेश र सरस्वतीको मूर्ति छ।

हिमवत खण्ड ९९ अध्यायमा विरूपाक्षले शिद्ध तीर्थमा स्नान गरेर गुप्तेश्वरको पूजा–आजा गरीसकेपछि नै मुनीजीलाई गुप्तेश्वर र शिद्ध तीर्थको महत्व बारेमा सोधेका थिए । यसमा नै मुनीजीले विरूपाक्षलाई बताएका तथ्यहरू निम्नानुसार छन् ।

हिमवत खण्ड ९९ अध्याय

वृषासुरेणा रूद्रोऽसौ अमिद्रुतो मृशं पूरा ।
व्याजवृति समाविश्व त द्रुरस्य परिक्षितुम् ।।७।।
त द्रयाच्च महारुद्र: एतस्यां प्रविवेश वै ।
परिभ्रम्य रसां सर्वा सशैल वनकाननाम् ।।८।।
देह प्रभां समाक्षिण्य एतत्पर्वत गह्व रे ।
गुप्तेन संस्थितो रुद्र एतस्यां निर्ज्जनो विभू: ।।९।।
विष्णुनां हते दैत्ये शंकरो हि विर्निर्थयौ ।
एतल्लिगं समस्थाय स्वमेकांशंततोऽत्रच ।।११।।

विरूपाक्षको प्रशन अनुरूप नै मुनीजीले बताउनु भए अनुसार शिवजीले वृषासुरलाई दिनु भएको बरदानको परीक्षण गर्न शिवजीलाई नै लखेटदो भयो त्यस असुरका डरले महादेव विभिन्न पहाडहरू र जङ्गलहरू समेत पृथ्वीको धेरै भाग घुमेर यस गुप्तेश्वर गुफामा बस्नु भयो र प्रभातेजबाट प्रभावती नदी निस्किन् । धेरै तरङ्ग भएकी समस्तको कल्याण गर्दै सो नदी सदा सर्वदा वग्दि भइन् । भगवान विष्णुले दैत्य मारेपछि आफ्नो एक अंश त्यही लिङ्गमा राखी महादेव बाहिर निस्कनु भयो । त्यसपछि देवता ऋषि, नागगण तथा योगीनी गणहरु त्यस वेला वहाँ आएर आजसम्म महादेवको सेवा गरी बसेका छन भन्ने हिमवत खण्ड उप पुराण स्पष्ट हुन्छ । पौराणिक धारणा अनुरूप नै गुप्तेश्वर तीर्थको सानिध्यमा प्रभावती र सिहरसा नदीमा सिद्ध तीर्थ रहेको प्रमाणित हुन्छ ।

पौराणिक धारणा अनुरुप यही क्षेत्र भारद्वाज मुनिको तपोभूमि थियो । सिद्ध तीर्थमा स्नान गरेर कुन्ज पर्वतमा रहेको गुप्तेश्वर शिवलिङ्गलाई पूजा गर्नाले धर्मको फल चाँडै सिद्ध भएर बाँचुन्जेल सुख सन्तोष र मृत्यु पश्चात शिवलोक प्राप्त गर्न सकिने तथ्य हिमवत खण्ड उपपुराणबाट बुझ्न सकिन्छ ।

गुप्तेश्वर शिवलिङ्ग रहेको डाँडालाई एक आध्यात्मिक अनुसन्धान केन्द्र र एक पर्यटन केन्द्रको रुपमा विकास गराउनु उपयुक्त देखिन्छ। यसरी यो क्षेत्रलाई एक धार्मिक र सांस्कृतिक केन्द्रको रुपमा विकास गराउने कार्यमा समस्त राष्ट्रवासीहरूका हृदयमा भगवान गुप्तेश्वर बाबाले प्रेरणा जगाइदिउन्। यही शुभ कामना छ।

। अस्तु ।

१२. तिलेश्वर शिवलिङ्ग
(ले ले ग्राम ल. पु.)

तिलेश्वर शिवलिङ्ग नेपाल अधिराज्यको ललितपुर जिल्ला अन्तर्गत प्राचीन मुकुन्द गिरी पर्वत र हाल ले ले ग्राममा अवस्थित छ। यो शिवलिङ्ग महादेव खोला र कांभ्रे खोलाको बीच केन्द्रमा रहेको छ। यसको सान्निध्यमा सरस्वती कुण्ड र ज्ञान कुण्ड छ। विद्यादात्री सरस्वती र सरस्वती कुण्ड एकै ठाउँमा भएको तीर्थ नै तिलेश्वर तीर्थ हो। यो तीर्थ ज्ञान र विद्या प्राप्त गर्न चाहने व्यक्तिहरूले स्नान र पूजा गरिएमा फल प्राप्त गर्न सकिने धार्मिक तीर्थ हो। यसको सान्निध्यमा पशुपतिनाथ, बामेश्वर शिवलिङ्ग, मुक्तेश्वर शिवलिङ्ग, काम धेनु गाइको शिला पनि छ। यसको पूर्व पश्चिम, उत्तर, दक्षिणमा क्रमशः कैलाश पर्वत, पशुपतिनाथको मन्दिर, मनश्री तीर्थ र रुद्रकुण्ड छ।

यो शिवलिङ्ग देवताहरुको गुरु वृहस्पतिको तपका प्रभावले उत्पन्न भयो र वृहस्पतिले तिलको शिवलिङ्ग बनाएर पूजा गर्ने गरेकोले यो तीर्थको नाम तिलेश्वर रहन गएको थियो रे भन्ने कुरा तिलेश्वर निवासी खड्ग वहादुर वताउँछन्।

हिमवत खण्ड उप पुराणले पनि यसको महिमागान गाएको छ। यही उप पुराणको आधारमा पनि यो तीर्थमा ज्ञान र विद्या प्राप्त गर्नको लागि पूजा-आजा गरिने तीर्थ हो भन्ने कुरा प्रमाणित हुन्छ।

हिमवत खण्ड १०० अध्याय

सरस्वती महापुण्या मनोवती तथापरा।
तयोश्च संगमे तीर्थं मनश्री रिति विश्रुतम्॥ ५७॥
दश गंगा समाज्ञेया तत्र स्नानात्फल लभेत्।
सौभाग्य मवला सद्यो रूप सौन्यर्य्यमाप्नुयाद्॥ ५८॥

उपर्युक्त श्लोक अनुसार यो तिलेश्वर तीर्थ क्षेत्रको सान्निध्यमा पूण्य दिने सरस्वती र मनोवती नदीको संगममा मनश्री नामको पवित्र तीर्थ भएको र शिवजीले आह्वान गर्नु भएपछि गंगाजी निस्कनु भएको रूद्र कुण्ड यही रहेको तथ्य सावित हुन्छ ।

हिमवत खण्ड पौराणिक आधारमा वर्णन गरिए अनुसार माघ शुक्ल संक्रान्तिका अंगिरा ऋषिका छोरा बृहस्पतिले तीलको शिवलिङ्ग वनाएर विधिपूर्वक पूजा गरे र मनोवतीको जलले शिवजीलाई सेचन गरे । त्यसपछि तील थुपारेर बनाएको लिङ्ग पत्थरमा परिणत भयो । त्यसरी अत्यन्त भक्तिपूर्वक वृहस्पतिले गरेको पूजा अर्चनाको प्रभावबाट तेश्रो दिनमा महादेव शिबलिङ्गबाट प्रकट हुनु भयो । र वृहस्पतिलाई उनको इच्छा अनुरुप विद्या अर्थात वाक्य सिद्ध पाउने अर्थात हुन सक्ने वरदान दिनु भयो । शिवजीको वरदान अनुरुप वृहस्पतिको गलामा सरस्वती आएर वसिन र वृहस्पतिको वाक्य सिद्ध हुन थाल्यो । यस तीर्थको सान्निध्यमा रहेको रुद्रकुण्डबाट गंगाजी निस्कनु भएको थियो । तीलेश्वर तीर्थ नजीक रहेको रुद्रकुण्डमा स्नान गर्नाले दश गंगाजी नुहाएको बराबर फल मिल्दछ भन्ने पौराणिक धारणा छ । पूर्व जन्ममा आमामाथि गरेको अपराधको कारणले गिद्दको मुख भएको उलुक नाम भएको म्लेक्ष्य मनः श्री यस तीर्थमा स्नान गरेर तीलेश्वर शिवलिङ्गलाई पूजा अर्चना गरेको हुनाले मुक्त भएको र शिवलोक प्राप्त गर्न सकेको तथ्य पौराणिक अवधारणा अनुरुप पुष्टि हुन्छ यसरी यस तीर्थमा स्नान गरेर शिवजीको पूजा अर्जना गर्नाले विद्वान बन्न सकिने र मोक्ष प्राप्त गर्न सकिने कुरो हिमवत खण्डको उपपुराणमा वर्णन गरिएको छ ।

यहाँ पहिला ठूलो गुठी थियो । एक पूजारी महन्त थिए । यहाँको गुठी महन्तले आफ्नै नाममा दर्ता गराएर वेचेर खाए भन्ने भनाई त्यहाँका बासिन्दाको छ । हाल त्यहाँको पूजाआजा पूण्यप्रसाद अर्यालले नित्य रूपमा चलाउँदै आउनु भएको छ ।

यसरी यो पवित्र तीर्थको अध्ययन गर्दा यस मनः श्री तीर्थलाई पवित्र स्नान केन्द्र, दाह संस्कार गराइने घाट र पवित्र श्राद्ध धाम तीर्थको रुपमा विकास गराइनु पर्ने वाञ्छनीय देखिन्छ । यी तीलेश्वर शिवलिङ्ग र अन्य लिङ्ग र कुण्डहरूलाई जिर्णोदार गराई यस क्षेत्रलाई एक ब्रम्हचार्य आश्रम, वृद्धा

श्रमको रूपमा विकास गराई एक आध्यात्मिक केन्द्रको रूपमा यस क्षेत्रको विकास गराउन समस्त राष्ट्रवासीलाई सत्बुद्धि र तीलेश्वर बावाले प्रेरणा गराई दिउन । यही शुभ–कामना छ ।

। अस्तु ।

१३. चम्पकेश्वर शिवलिङ्ग

(ले ले ग्राम ल. पु)

नेपाल अधिराज्यको ललितपुर जिल्ला अन्तर्गतको ले ले ग्राम विभिन्न लिङ्ग तीर्थ हरुले भरिपूर्ण भएको क्षेत्र हो । विभिन्न लिङ्ग तीर्थहरू मध्ये चम्पकेश्वर शिवलिङ्ग पनि प्राचीनका शुन्दर पर्वतको काखमा अर्थात हालको ले ले ग्रामको केन्द्र विन्दु बीचमा रहेको छ । यो लिङ्ग भक्तजनहरूको लागि पवित्र तीर्थ हो । यो लिङ्ग पश्चिमपट्टि फर्केर र ढल्किएर रहेको छ । यसको सानिध्यमा मनेश्वर महादेवस्थान पनि छ । भने यस स्थानमा त्यहाँकै युवा क्लवले निर्माण गरेको एक धर्मशाला पनि छ ।

हिमवत खण्ड उपपुराणको १०१ अध्यायमा सरस्वती नदीमा स्नान गरेर चम्पकेश्वर शिवलिङ्गमा पूजा गर्नाले शिवलोक प्राप्त गर्न सकिन्छ भनेर व्याख्या गरिएको छ । यो हिमवत खण्डको उपपुराण १०१ अध्यायमा यसरी यसको महिमा गाइएको छ ।

हिमवत खण्ड १०१ अध्याय

सरस्वत्यां पुनः स्नात्वा तस्यौ चम्पकवृक्षके ।
तच म्पकोपहादेंश्त भक्त्या स्वराधयद्ध्रुवम ।। १६ ।।
वैशाखे पूर्णिमायांम् च चम्पकपुष्प संचयात ।
यततल्लिङ्ग समुद्भूत तत्नूजान्तेऽपरान्हके ।। १८ ।।

यहाँ वर्णन गरिए अनुसार एक पटक ठूला तपस्त्री अनुनाम गरेका व्राम्हण पूर्व जन्मका कर्मका विपाकले विद्याहीन थिए र विद्या हीन हुनु परेकोले सान्है दुःखी भए । त्यसपछि वृहस्पतिका सल्लाहले उनी (मनुऋषि) सरस्वती कुण्डमा नुहाएर जल पिए पश्चात उनी समस्त विद्या जान्ने भए पश्चात उनीले तीलेश्वर शिवजीको पूजा गरे । तीलेश्वर शिवजीले पनि उनलाई मुक्त हुनका लागि पश्चिम दिशामा सरस्वती नदीको किनारमा गएर उनै शिवजीको आराधना गरेमा मोक्ष हुनेछौ भनेर सल्लाह दिनु भयो । त्यसपछि मनुऋषि सरस्वती नदीमा नुहाएर चापका फूलले चापको फेदमा वसेर शिवजीको आराधना गर्न

लाग्नु भयो र बैशाखी पूर्णिमामा फूलको थुप्राबाट शिवलिङ्ग प्रकट हुनु भयो। तिनै शिवलिङ्गबाट तीन नेत्र भएका त्रिशुल धारण गरेका महादेव प्रकट भई मनु ऋषिलाई चिरञ्जीवी हुने वरदान दिनु भएको तथ्य पौराणिक धारणाबाट स्पष्ट हुन्छ। त्यस्तै पूर्वजन्मको पापले मृगको योनीमा जन्म लिएर धर्मकेतु महाराज चम्पकेश्वर लिङ्ग छोएर प्राण त्याग गर्दा मोक्ष भएको तथ्य पनि पौराणिक धारणाबाट नै प्रष्ट हुन्छ।

यसरी यो पवित्र लिङ्ग तीर्थको नाम कसरी रहन गयो होला भन्ने विषयमा अन्दाज लगाउँदा हामी यो भन्न सक्छौं कि चाँपको राशीबाट उत्पति भई चाँपको फेदमा उत्पति भएकोले चम्पकेश्वर रहन गयो।

यो चम्पकेश्वर लिङ्गतीर्थ अति पवित्र छ। यो लिङ्ग हाल भक्तजनहरुबाट, श्री ५ को सरकारको तर्फबाट तथा बिविध क्षेत्रबाट पिछडिएको छ। ठूलो उर्वराभूमिले घेरिएको चम्पकेश्वर तीर्थ ज्यादै दुरा अवस्थामा रहेको छ। यस तीर्थको आसपासमा रहनेहरूमा आध्यात्मिक धारणा लोप भैसकेको आवास हुन्छ हाल त यहाँको ठूलो गुठी पनि लोप भै दैनिक पूजा-आजा समेत लोप भैसकेको छ।

यो चम्पकेश्वर तीर्थलाई श्री ५ को सरकारले स्थानीय जनभावना जगाएर मोक्ष प्राप्त गर्ने तीर्थको रूपमा विकास गराउनु उपयुक्त देखिन्छ। यस तीर्थको सान्निध्यमा वृद्धाश्रमको स्थापना गराएर मोक्ष प्राप्त गराउने तीर्थको रूपमा विकास गराउन समस्त मानव हृदयमा चम्पकेश्वर बाबाले सदबुद्धि प्रदान गरून्। यही नै शुभ कामना।

। अस्तु ।

१४. रामेश्वर शिवलिङ्ग

(टीका भैरव ल. पु.)

रामेश्वर शिवलिङ्ग ललितपुर जिल्ला अन्तर्गत आनन्द वनवाटीको काखमा टीका भैंरवमा अवस्थित पवित्र धार्मिक तीर्थस्थल हो। यो शिवलिङ्ग त्रिकुताचल केन्द्रका बीचमा तथा विशाल शिलाको बीचमा रहेको शिलामा अवस्थित छ। यसको सान्निध्यमा प्रभावती र सरस्वतीको संगममा प्रभातीर्थ छ। दुई वटा जोडिएर रहेको शिलाको सरस्वती नदीपट्टि ढल्केको अवस्था छ। त्यस्तै प्रभावतीमा पनि एक शिला खडा रहेको छ। यसै शिलाको सान्निध्यमा एउटा गणेशको मूर्ति पनि रहेको छ। यहाँ रहेको ठूलो शिलाको अगाडी एउटा भैंरवरुप महादेवको घ्याम्पो छ। ले ले ग्राम (ल. पु.) निवासी बद्री श्रेष्ठको भनाई अनुसार शिबजीलाई आफ्नो तपस्याबाट खुशी गराएर शिवजीको जेठो छोरो रामेश्वर मागेर ल्याएका र विष्णुको छलले उनले कमण्डलु भूमिका राखेकाले रावणले सिद्ध प्राप्त गरेको क्षेत्र भएकोले यसलाई रामेश्वर भनिएको हो भन्ने किम्वदन्ती छ।

हिमवत खण्ड उपपुराणको आधारमा परशुरामले वापवैरी साधना गर्न प्रभावती र सरस्वती नदीको संगममा तपस्या गर्दा ब्राम्हा समयमा भैंरव जस्तो डर लाग्दो रूप लिएका महादेव प्रकट हुनु भएकोले यस तीर्थलाई टीका भैंरव र परशुरामले तपस्या गर्दा उत्पन्न भएको लिङ्ग भएकोले उक्त लिङ्गलाई रामेश्वर भनिएको होला भन्न सकिन्छ।

हिमवत खण्ड १०२ अध्यायमा बिरुपाक्षले प्रभातीर्थमा स्नान गरेर रामेश्वरको पूजा अर्चना गरेर नेमुनिजीलाई यो लिङ्ग उत्पतिको कारण सोद्दा नेमुनीजी विरूपाक्षलाई यसरी बताउनु हुन्छ।

हिमवत खण्ड १०२ अध्याय

तप: कृष्ण चतुर्दश्यां अर्द्ध रात्रौ समर्हणौः।
सं दृश्यपुरतो लिङ्गं रामो न नाम भक्तितः।।११।।

तुष्टाव च मुहुँमवन्त्या रोमां चित परिक्रमन् ।
आविर्मूतस्ततो ब्राह्माख्पी भैरवभीषणः ।। १२ ।।

परापूर्व कालमा जामदग्नि सुत परशुराम आफ्नो पितालाई क्षेत्रीहरूले मारेपछि वाप वैरी सधना गर्न घरदेखि निस्केर तपस्या गर्न जङ्गल-तिर लाग्नु भयो । जङ्गल जङ्गल घुम्दा घुम्दा सरस्वती र प्रभावतीको संगममा स्नान गरेर क्षेत्रीहरुको नास गर्नका लागि रूद्रमन्त्र जपेर तपस्या गर्न लाग्नु भयो । परशुरामको कठोर तपका प्रभावले ६ महीनापछि माघ कृष्ण चतुर्दशीका रातमा बडो डरलाग्दो भैरव रुप भएको रामेश्वर शिवलिङ्गको उत्पति भयो ! त्यही शिवलिङ्गमा शिवजी प्रार्दुभाव भएर परशुरामको इच्छा अनुसार बरदान दिएको तथ्य हिमवत खण्ड उप पुराणको यस अध्यायबाट स्पष्ट हुन्छ ।

हिमवत खण्ड उपपुराण (१०२)

सिञ्जीनाम्नी पुराचारसी द्वलिदैत्यसुताप्रिय ।
भगिनी वज्रनामस्य कन्या सा अविवाहिता ।। ३४ ।।
प्रभावतीति विख्यातालोकैर्जान्यदान्वथैं ।
अमूत प्रभाववती सा च सा सर्व्वाधिक सुन्दरी ।। ४४ ।।
लक्ष्मीमूर्तिश्च दैत्यानां देवासुर विमोहिंनी ।
कस्यिन्कालन्तरे विप्र प्रधुम्नस्तां जहाखैं ।। ४६ ।।

अघि बली दैत्यको छोरी सिञ्जीले नारदको भनाई अनुसार काम-देव जस्तालाई पति चिताएर प्रभावती र सरस्वतीको संगममा स्नान गरिन र त्यही बले जलको बीचबाट प्रभावती प्रकट भएर सिञ्जीलाई उनको इच्छा पूरा गर्ने पनि सल्लाह दिनु भयो । त्यसपछि सिञ्जी प्रभावतीको नामबाट प्रभावतीको नाममा प्रख्यात भइन् र उनले स्नान गरेको स्थान पनि प्रभावतीको नाममा विश्व-विख्यात भयो नारदको मुखबाट प्रभावतीको रूपको वयान नारदबाट सुनेर काम-देव स्वरुप प्रद्युम्नले उनलाई हरण गरेर लगे । यसरी प्रभावतीको इच्छापूर्ण भयो । यस तीर्थमा स्नान गरेर शिवलिङ्गको पूजा गर्नाले बलीकी छोरी सिञ्जीले कामदेवका अवतार प्रद्युम्नलाई पति पाउँदा सन्तुष्ट भइन त्यसैं गरी अरु भक्तज-नहरु पनि सन्तुष्ट हुन सक्छन् भन्ने पौराणिक धारणा छ । यस तीर्थमा चैत्र पूर्णिमामा स्नान गरेर रामेश्वर शिवलिङ्गको पूजा गर्ने नरनारीहरूले यमलोक हेर्नु पर्दैन भन्ने पौराणिक अवधारणा छ । यो रामेश्वर शिवलिङ्गमा चैत्र पूर्णि-माको दिन विशाल मेला लाग्ने र यहाँ १२ वर्षमा एक पटक घनघोर बर्षा हुन्छ रे

रे भन्ने पनि स्थानीय वासिन्दाको भनाई छ ।

यो लिङ्ग अत्यन्तै मनोहर छ । हाल भने यस तीर्थलाई वाढीको कारणने विगारेकोले हाल भक्तजनहरु र श्री ५ को सरकारको तर्फबाट जिर्णोदारको आशा गरी रहेको छ । यहाँको भौगोलिक अवस्थालाई हेर्दा यस क्षेत्रमा ब्रम्हचार्य आश्रम, अपाङ्ग आश्रम र पर्यटन केन्द्र वनाइनु उपयुक्त देखिन्छ । यसरी यो तीर्थलाई एक धार्मिक सांस्कृतिक तथा पर्यटन केन्द्रको रूपमा विकास गराउन विश्व मानव हृदयमा भगवान रामेश्वर बावा र भवानी प्रभावतीले प्रेरणा जगाइदिउन । यही नै शुव–कामना

। अस्तु ।

१५. कालेश्वर शिवलिंग

(ल. पु.)

नेपाल अधिराज्य शिव–पार्वतीको कुञ्ज स्थल हो। यो पुण्य भूमिमा प्रचूर मात्रामा लिङ्ग तीर्थहरु अवस्थित छन्। विरुपाक्षले भ्रमण गरेका चतुष्टी लिङ्ग तीर्थहरू मध्ये कालेश्वर शिवलिङ्ग पनि एक पवित्र हिमवत खण्डमा वर्णित लिङ्गतीर्थ हो। यो पवित्र तीर्थस्थल ललितपुर जिल्लाको दक्षिण पूर्वमा रहेको महाभारत पर्वतमा अवस्थित छ। नेपालको दक्षिणपट्टि रहेको भित्री मधेश, चुरे डाँडा, तराई प्रदेश, भारतीय राज्य भूमि अन्य पहाडी श्रृङ्खलाहरू तथा हिमाली प्रदेशहरू समेतको दृष्यावलोकन गर्न सकिने विचिलको महाभारत पर्वतको एउटा थुम्कामा यो तीर्थस्थल रहेको छ। यो तीर्थस्थल राजधानीको नजीक भए पनि प्रशस्त मात्रामा उकालो र ओरालोका श्रृङ्खलाहरू पार गर्दै करीव १½ दिनमा राजधानीबाट पैदल तथा गाडीको सहयोगले मात्र पुग्न सकिन्छ। पर्यटकहरूको हृदयलाई जित्न सक्ने मनोहरतम दृष्यहरूले भरिपूर्ण भएको यो स्थान प्रकृतिको धनी छ।

यस तीर्थस्थलको आसपासको भौगोलिक रुपरेखा त्यतिकै मिलेको छ अनि त्यसलाई सृङ्गार गर्न अनेक प्रकृतिका दृष्यहरु पनि यस स्थानले बरदान पाएको छ। यसको उत्तरपट्टि गोटीखेल बजारको सान्निध्यमा वैतरणी नदी र धरधरा नदीको संगममा वैतरणी घाट छ। वैतरणी घाटको निकट पश्चिम पट्टि महांकाल स्थान छ। यो स्थानको निकटमा चन्दन देवीस्थान छ। यहाँ खातै खात भएर आश्चर्यजनक रुपमा शिलाहरू अडेको छ।

यो कालेश्वर शिवलिङ्गले आफ्नै विशेषता बोकेको छ। यो शिवलिङ्ग सतीदेवीको घाँटी पतन भएर उत्पति भएको भन्ने स्थानीय वासिन्दा–हरू बताउँछन, यो तथ्य स्वस्थानी व्रतकथामा पनि हामी पाउन सक्छौं। गोटी–खेल निवासी पं. शतानन्द पराजुलीको भनाई अनुसार यो ठाउँ परापूर्वकालमा निगालाधारी थियो रे। हाल चापा गाउँमा निकटमा रहेका चाङगाउलेहरुले त्यस ठाउँमा एउटा शिवलिङ्ग देखेका र त्यस ठाउँमा एउटा सुनको फाली भेट्टा–

एकोले त्यस स्थानमा (कालेश्वरमा) त्यसै समयदेखि उनीहरूले कुल देवताको रूपमा माने र गुठी राखी पूजा गर्दै आएका रे भन्ने भनाई छ। हालसम्म पनि उनीहरूले चैत्र पूर्णिमाका दिन कुल देवताको रूपमा पूजा अर्चना गर्दै आएका छन्। चाङगाउँका एक वृद्ध पुरुषको भनाई अनुसार यहाँ रहेको प्राचीन शिवलिङ्ग हाल चोरी भैसकेको र हाल भएको शिवलिङ्ग पछि स्थापना गरिएको रे भन्ने भनाई छ। त्यसैले वर्तमान अवस्थामा उक्त डाँडामा स्थापना गरिएको शिवलिङ्ग साधारण आकारको छ।

हिमवत खण्ड उपपुराणमा पनि यो लिङ्ग तीर्थको महिमागान अपारका साथ गरिएको छ।

हिमवत खण्ड १०३ अध्याय

हिमवतः सुतः सैव उज्जन्तामिधानकः।
तत कुक्षेश्च समुद्भूतो घर्घरा सरिताम्वराः।।७।।
वैतरण गिरेः सानोः सम्मूताच नदीवरा।
वैतरणीति विख्याता घर्घरा पूण्वतदेशतः।।८।।
तयोश्च संगमे पूर्वा काल सस्नौ मुदान्वितः।
काल शैलं समारूह्य तमाराधितवान् हरम्।।९।।
द्वादश वत्सरा तेच एत लिङ्ग समुद्भवं।
पौष शुल्क नवम्याम् च निशाया भाद्रयापुतः।।१०।।
कालेनाराधितं लिङ्ग कालेश्वर इती श्रुत.।
स्नातं च तेन पूर्व्वहि कालतीर्थस्तत् स्मृतः।।१२।।
काल राद्रिः समध्यास्ते शिवशक्ति समन्न सा।
अगम्प तत्र गन्तु च अपि देर्वैर्नरैः किमु।
तत्र गमनमात्रेण गच्छति स्वर्गमुत्तम्।
यदि पश्यति तां रौद्रीं सायुज्यं प्राप्नुयात्क्षणात्।।२६।।
काल तीर्थे च यः स्नात्वा कालेश्वरं प्रपूजयति।
काल पार्शैर्व्बि विर्मुक्तः कालेश्वरपुरं ब्रजेत्।।२८।।

अघि पौराणिक कालमा नेमुनीजीले विरुपाक्षलाई कालेश्वरको उत्पति र महत्वबारेका तथ्यहरू यहाँ हिमवत खण्ड उप पुराणबाट उद्धृत गरी वर्णन गरिएको छ। उक्त उप पुराणको आधारमा हिमालयका पर्वतका छोरा शिवभक्ति उज्जयन्त पर्वतको कोखबाट निस्केको श्रेष्ठ घरघरा नदी र वैतरण

पर्वतवाट निस्केको वैतरणी नदीको संगममा काल तीर्थ छ। अघि परापूर्व कालले यस संगममा स्नान गरेकोले यो तीर्थलाई काल तीर्थ र उस्ले पर्वतमा चढेर दर्शन गरेकोले कालेश्वर नामाकरण गरिएकोले यो नामाकरण युक्ति संगत नै देखिन्छ। यस तीर्थमा स्नान गर्दा लम्बकर्ण महादेव गणमा समावेश भयो भन्ने धारणा पाइन्छ। कालरात्री त्यहाँ शिवशक्तिलाई ध्यान गर्छिन, त्यहाँ जान देवताहरुलाई नै मुस्किल हुन्छ भन्ने कुरा पौराणिक धारणामा व्याख्या गरिएको छ। त्यहाँ जानाले मात्र पनि उत्तम स्वर्गमा पुगिने र रुद्रदेवी कालरात्रीलाई दर्शन गरेको ख डमा सायुज्व मुक्ति हुने निर्विकल्प पौराणित तथ्य भएको अवधारणा छ। जो मान्छे कालतीर्थमा स्नान गरेर कालेश्वर महादेवको दर्शन गर्दछ भने उ मृत्यु पर्यन्त कालेश्वर महादेवको लोकमा जाने छ भन्ने तथ्य हिमवत खण्ड उपपुराणवाट प्रमाणित गर्न सकिन्छ।


पौराणिक धारणा अनुरुप उक्त ठाउँमा जान वर्तमान अवस्थामा पनि कठिनाई नै देखा पर्दछ। उक्त क्षेत्रको आध्यात्मिक र पर्यावरणीय विकास हुन सकेको खण्डमा एक धार्मिक पर्यटन केन्द्र बन्न सक्ने कुरामा दुइमत हुन सक्दैन्। यस्ता क्षेत्रको विकासमा राष्ट्रिय नीति तर्जुमा हुन नितान्त आवश्यक देखिन्छ। यस तीर्थ नजिकको विभिन्न स्थानमा विभिन्न प्रकारको पुष्प बाटिका, वनवाटिका, धर्मशाला आदिको निर्माण भइदिएमा यस्ले अवश्य नै पर्यटकहरूलाई आकर्षित गर्न सक्थ्यो भन्ने कुरामा दुइमत हुन सक्तैन्। यसरी पर्यटन केन्द्रको विकास गराउन तथा धार्मिक र सांस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्न सकेमा हाम्रो अमूल्य निधि सदा सर्वदा अटल रहन सक्छ भन्ने विश्वास लिन सकिन्छ। त्यसैले यस किसिमको रत्नहरुमा सुगन्ध भर्ने काममा समस्त सनातन प्रेमीका हृदयमा कालेश्वर बाबाले प्रेरणा जगाईदिउन तथा कालेश्वर बाबाको प्रेरणाले समस्त राष्ट्रवासीहरू सक्रिय रहि रहुन। भगवान कालेश्वर बाबासंग यही नै प्रार्थना छ।

। अस्तु ।

मानव शिक्षा

सांसारिक वस्तुले आसक्ति वढाउँछ, आशक्तिबाट इच्छा बढ्न थाल्छ इच्छा नपुगेपछि क्रोध निस्कन्छ क्रोधबाट बुद्धि भ्रमित हुन्छ बुद्धि भ्रमित भएगछि विवेक शक्ति हराउँछ र विवेक शक्ति हराएपछि सर्वनाश हुन्छ ।

ध्यायतो विषयान् पुंसः सङ्गस्तेपुपजायते ।
सङ्गात्सञ्जायते काम कामात्क्रोधोऽमिजायते ।। ६२ ।।
क्रोधाद्भवति सम्मोहः सम्मोहात्स्मृति वियुमः ।
स्मृति भ्रंशात बुद्धि राशो बुद्धि नाशात्प्रणश्यति ।। ६३ ।।
गीता १२ (६३)



लेखक

नाम : अर्जुन कुमार खड्का

जन्मस्थान: खनियापानी गा.वि.स.-८, डाँसे रामेछाप

शिक्षा : कृषि स्नातक २०२७ (उदयपुर विश्वविद्यालय. भारत)

पेशा : शिक्षक (कुशेश्वर मा० वि० दुम्जा)

सामाजिक सेवा: सचिव (सनातन धर्म सेवा समिति) दुम्जा शाखा

अन्य सेवा . २०२७--२०२९ साल सम्म कृषि विकास अधिकृत